सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com


२३ मंसिर २०८१, आइतबार (8 Dec 2024, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २३१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# जाँदाजाँदै व्यापारिक घरानालाई बिमाको लाइसेन्स दिलाउन सिलवाल सक्रिय

## पाँच करोडसम्म तिर्नुपर्ने गरी बनाइएको नयाँ नियमावलीको ड्राफ्ट क्याबिनेटमा विचाराधीन, पारित हुनुअघि नै चार बिमा कम्पनीलाई लाइन्सेन्स बाँड्ने तयारी

**● एक दर्जन निर्जीवन र नौ जीवन बिमा कम्पनी मर्जरमा गएको दुई वर्षमै चार नयाँ कम्पनीलाई लाइसेन्स बाँड्न बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल सक्रिय छन्। उनको कार्यकाल १९ माघसम्म छ।**

**● अहिलेको नियमावलीअनुसार ५० हजारमै बिमा कम्पनी दर्ता गर्न सकिन्छ। लाइसेन्सका लागि चौधरी समूह र लोहिया समूहको साझेदारीको कम्पनी स्ट्यान्डर्ड लाइफ इन्स्योरेन्स र चितवन को-ई समूहको मनकामना ननलाइफ इन्स्योरेन्सको नामबाट निवेदन परेको प्राधिकरणले जनाएको छ।**



**पवन तिमिल्सिना**/नयाँ पत्रिका

बिमा कम्पनीको लाइन्सेन्स लिन पाँच करोड शुल्क लाग्ने गरी तयार पारिएको नयाँ बिमा नियमावलीको प्रस्तावित ड्राफ्ट क्याबिनेटमा विचाराधीन छ। तर, नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल नियमावली आउनुअघि र आफ्नो कार्यकाल सकिनुअघि नै व्यापारिक घरानालाई बिमा कम्पनीको लाइन्सेन्स बाँड्न सक्रिय भएर लागेका छन्। अहिलेको नियमावलीअनुसार ५० हजारमै बिमा कम्पनी दर्ता गर्न सकिन्छ। सिलवालको कार्यकाल १९ माघमा सकिँदै छ।

झन्डै दुई खर्बको बिमा बजारमा हिस्सेदारी लिन व्यापारिक घरानाहरू दौडधुपमा छन्। लाइसेन्स लिन खोज्ने चार कम्पनीमध्ये दुई कम्पनीले (जीवन र निर्जीवन बिमा) प्राधिकरणमा निवेदनसमेत दिइसकेका छन्। चौधरी समूह र लोहिया समूहको साझेदारीको कम्पनी स्ट्यान्डर्ड लाइफ इन्स्योरेन्स र चितवन को-ई समूहको मनकामना ननलाइफ इन्स्योरेन्सको नामबाट निवेदन परेको प्राधिकरणले जनाएको छ। बाँकी दुई कम्पनीबारे भने हालसम्म जानकारी नआएको प्राधिकरण स्रोतले बतायो।

स्रोतका अनुसार अध्यक्ष सिलवालले आफ्नो कार्यकाल सकिनुअघि नै चार बिमा कम्पनीको इजाजतपत्र वितरण गर्ने तयारी गरिरहेका छन्। तर, नेपाल बिमा प्राधिकरणका उपकार्यकारी निर्देशक शाम्भराज लामिछानेले नयाँ कम्पनीलाई लाइसेन्स दिने विषयमा सरकार नै निर्णयक हुने बताए। 'पहिला थप कम्पनी आवश्यक छ कि छैन भनेर अध्ययन गर्नुपर्छ। अध्ययनले आवश्यकता देखाएमा प्राधिकरणले सीमित कोटामा प्रस्ताव आह्वान गर्ने हो,' उनले भने, 'त्यसपछि सोहीबमोजिम अघि बढ्छ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

### अर्थतन्त्र संकुचित बनेको अहिलेको अवस्थामा बिमा कम्पनी थप्न आवश्यक नै छैन



**● फत्तबहादुर केसी**
पूर्वअध्यक्ष, तत्कालीन बिमा समिति
(हाल बिमा प्राधिकरण)

देशमा बिमा कम्पनी कति चाहिन्छ भन्ने हाम्रोमा अहिलेसम्म अध्ययन भएको छैन। अर्थतन्त्रको आकार, व्यवसायको आकार र आवश्यकता हेरेर मात्रै लाइसेन्स खुलाउनुपर्छ। संसारका खर्बौं डलरको अर्थतन्त्र भएका मुलुकहरूमा थोरै संख्यामा बिमा कम्पनीहरू हुँदा पनि पर्याप्त छन्। नेपालको अर्थतन्त्र त ५३ खर्ब रुपैयाँ मात्रै छ। त्यसमाथि अहिले अर्थतन्त्र संकुचित बनेको देखिन्छ। उद्योगधन्दा बढ्दै जाने अवस्था छैन, भएका पनि बन्द छन्। यस्तो अवस्थामा बिमा कम्पनी थप्ने हो भने अहिलेको सीमित बजार खोसाखोस मात्रै हुने हो।

### लाइसेन्स दिन प्राधिकरणभन्दा अर्थ मन्त्रालय निर्णायक हुन्छ



**● शाम्भराज लामिछाने**
उपकार्यकारी निर्देशक,
नेपाल बिमा प्राधिकरण

पहिला थप कम्पनी आवश्यक छ कि छैन भनेर अध्ययन गर्नुपर्छ। अध्ययनले आवश्यकता देखाएमा प्राधिकरणले सीमित कोटामा प्रस्ताव आह्वान गर्ने हो। त्यसपछि सोहीबमोजिम अघि बढ्छ। यसमा प्राधिकरणभन्दा अर्थ मन्त्रालय बढी निर्णायक हुन्छ।

# स्थानीय तहका प्रतिनिधि संस्था राज्यको स्वीकृतिविना नै दाताबाट ल्याउँछन् पैसा

## ■ जनवरीयता दातृ निकायबाट लिएको सहयोग र खर्च

**जनवरीयता ११ महिनामा नगरपालिका संघले सात करोड ८० लाख ९४ हजार २२३ रुपैयाँ आर्थिक सहयोग प्राप्त गरेको छ। त्यस्तै, गाउँपालिका महासंघले तीन करोड ५५ लाख ३३ हजार १८९ रुपैयाँ दाताबाट सहयोग लिएको छ।**

### नगरपालिका संघ

**द एसिया फाउन्डेसन (गभर्नेन्स)**
बजेट : ८५ लाख ४६ हजार ४४२
खर्च : ३१ लाख ७६ हजार ९३७

**तयार/युएसएड**
बजेट : ४५ लाख ३७ हजार ७५
खर्च : ४५ लाख ३७ हजार ७५

**युनिसेफ**
बजेट : १ करोड २२ लाख ९८ हजार ५००
खर्च : ७६ लाख ६९ हजार २९३

**एसिया प्यासिफिक**
बजेट : ४ करोड ६८ लाख ९१ हजार १९४
खर्च : ३ करोड ७० लाख २९ हजार ९७६

**आइसिएलइआई**
बजेट : ५७ लाख २१ हजार १२
खर्च : उपलब्ध नभएको

### गाउँपालिका राष्ट्रिय महासंघ

**केयर नेपाल**
बजेट : ३ लाख ६० हजार ९०६
खर्च : ३ लाख ६० हजार ९०६

**एडिबी**
बजेट : १७ लाख ३५ हजार ३८१
खर्च : १७ लाख ३५ हजार ३८१

**युनिसेफ**
बजेट : ८१ लाख २३ हजार ४२८
खर्च : ८१ लाख २३ हजार ४२८

**एसिया फाउन्डेसन**
बजेट : १ करोड ४२ लाख ३३ हजार ५६८
खर्च : १ करोड १७ लाख २५ हजार ४७९

**जिआइजेड**
बजेट : ४९ लाख ९७ हजार ९००
खर्च : ४९ लाख ९७ हजार ९००

**एसडिसी**
बजेट : १५ लाख ६१ हजार ५७०
खर्च : १२ लाख ९६ हजार १०६

**युएनडिपी**
बजेट : २० लाख ५३ हजार ४००
खर्च : १६ लाख ४७ हजार ६२८

**इमिवाट**
बजेट : ७ लाख ७२ हजार ४८९
खर्च : ७ लाख ७२ हजार ४८९

**आईडिया इन्टरनेसनल**
बजेट : ६ लाख २५ हजार ९४९
खर्च : ६ लाख २५ हजार ९४९

**नीति फाउन्डेसन**
बजेट : १० लाख ६८ हजार ५९८
खर्च : १० लाख ६८ हजार ५९८

**टेकराज थामी**/नयाँ पत्रिका

कुनै पनि सामाजिक संघसंस्थाले दातृ निकायबाट आर्थिक वा जिन्सी सहयोग लिँदा नेपाल सरकारले तोकेको निकायबाट अनिवार्य स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था छ। तर, स्थानीय सरकारका जनप्रतिनिधिका संस्था नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले भने राज्यका कुनै पनि निकायबाट स्वीकृति नै नलिई दातृ निकायबाट भटाभट आर्थिक सहयोग लिएर खर्च गर्ने गरेका छन्।

६ महानगर र १२ उपमहानगरपालिकासहित मुलुकभर २९३ नगरपालिका छन्। उनीहरू आबद्ध नगरपालिका संघ छ। त्यस्तै, मुलुकभरका ४६० गाउँपालिकाको

» पृष्ठ २ मा क्रमशः



**● भीमप्रसाद ढुंगाना,** अध्यक्ष, नगरपालिका संघ

नगरपालिका संघले प्रत्येक वर्ष दातृ निकायबाट आर्थिक सहयोग लिने गर्छ। सहयोग लिँदा संघले सरकारको निकायबाट स्वीकृत लिनुपर्ने जरुरी छैन। किनकि यो अन्य संघसंस्थाजस्तो होइन, राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तर्गत दर्ता भएको संस्था हो।



**● खिमबहादुर थापा,**
महासचिव, गाउँपालिका राष्ट्रिय महासंघ

महासंघले विभिन्न दातृ निकायबाट आर्थिक सहयोग प्राप्त गर्छ। त्यस्ता रकम प्राप्त गर्नुअघि महासंघले सरकारको कुनै पनि निकायबाट स्वीकृत लिएको छैन। लिनु आवश्यक पनि छैन। किनभने महासंघ समाज कल्याण ऐनअन्तर्गत दर्ता भएको संस्था होइन। जुन जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन्छ। स्वीकृति लिनुपर्ने उनीहरूले हो। हामीले होइन।

### ■ अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराई भन्छन्-

## दाताबाट सहयोग लिँदा तोकिएका निकायबाट अनिवार्य स्वीकृति लिनुपर्छ



विदेशी दातृ निकायबाट कुनै पनि संघसंस्थाले आर्थिक या जिन्सी जुनसुकै सहयोग लिँदा कि त अर्थ मन्त्रालय, नभए सरकारले तोकेको निकायबाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्छ। तर, नगरपालिका संघ र गाउँपालिका महासंघले आर्थिक सहायता लिँदा हालसम्म स्वीकृति लिएको देखिँदैन। यो दुःखद विषय हो। भोलि मुलुकको नेतृत्वमा पुग्ने उहाँहरू नै हो। उहाँहरूबाटै यस खालका गतिविधि भएका छन्। यसले निश्चय पनि राम्रो सन्देश प्रवाह गरेको छैन।

### ■ समाज कल्याण ऐन भन्छ-

## दातृ निकायबाट आर्थिक सहायता लिनुअघि ४५ दिनभित्र स्वीकृति लिनुपर्छ

समाज कल्याण ऐन, २०४९ मा आकस्मिक उद्धार सेवाबाहेकका काम गर्ने कुनै पनि संघसंस्थाले दातृ निकायबाट आर्थिक सहायता लिनुअघि अनिवार्य रूपमा ४५ दिनभित्र स्वीकृति लिनुपर्ने व्यवस्था छ। ऐनको दफा १६ को २ मा भनिएको छ, 'कुनै पनि सामाजिक संघसंस्थाले नेपाल सरकार वा विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा नियोग वा व्यक्तिबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गर्न चाहेमा परियोजना प्रस्ताव र अन्य विवरण परिषद्मा पेस गर्नुपर्नेछ। प्राप्त निवेदनपछि सम्बन्धित मन्त्रालय वा निकायसँग समन्वय गरी बढीमा ४५ दिनभित्र स्वीकृति दिनेछ।'

### ■ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति भन्छ-

## आर्थिक सहायता लिनुअघि समाज कल्याण परिषद्को स्वीकृति लिनुपर्छ

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट मनोमानी ढंगले आर्थिक सहायता लिने र त्यसको जवाफदेहितामै प्रश्न उठेपछि त्यस्ता गतिविधिलाई नियन्त्रण गर्न सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ नै जारी गऱ्यो। जसको दफा ३.१० को उपदफा ३.१०.१० मा भनिएको छ, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै प्रयासमा अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन गर्दा प्रचलित कानुनबमोजिम समाज कल्याण परिषद्मार्फत हुनेछ। यस्तो सहायताको विवरण अर्थ मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।' समाज कल्याण परिषद्का पूर्वसदस्यसचिव पुस्कर खातीले नेपालमा दर्ता भएका जुनसुकै सामाजिक प्रकृतिका संघसंस्थाले दाताबाट एक रुपैयाँबराबरको सहयोग लिनुपरे पनि सरकारले तोकेको निकायबाट स्वीकृति लिनुपर्ने बताए।


## बाल विकास शिक्षा भद्रगोल

**ऐनमा एक वर्ष भनिएको शिक्षा व्यवहारमा चार वर्ष, विज्ञहरूद्वारा इसिडी तह दुई वर्षमा झार्न सुझाव**



औपचारिक रूपमा विद्यालयमै भर्ना भएर अक्षर चिन्न सुरु गरेका बालबालिकालाई कक्षा १ सम्म पुग्न चार वर्षसम्म अध्ययन गर्नुपर्ने बाध्यता अब हट्ने भएको छ। कलिला मस्तिष्कका बालबालिकालाई कक्षा १ मा आउनुअघि अनेकथरी कक्षा भर्ना गरेर बोझ थुपारिएको भन्दै शिक्षा मन्त्रालयले इसिडी तहलाई दुई वर्षमा झार्ने गरी गृहकार्य थालेको हो।

(विस्तृत पृष्ठ ३)




### लामिछानेसँग मानव अधिकार आयोगका प्रतिनिधिको भेट

# स्वास्थ्य अवस्थाको बेवास्ता गर्दै मध्यराति हिँडाएको पुष्टि

## पोखरामा पुऱ्याएर स्वास्थ्य परीक्षण गर्दा लामिछानेको रक्तचाप १८०/९०

**हिरासतमै भेट्न पुगेका मानव अधिकार आयोगको टोलीसँग लामिछानेले भने-**

भोलिपल्ट पोखरा ल्याउने क्रुरा हुँदाहुँदै अचानक राति ल्याइयो। सञ्चो छैन, औषधि खाएको छु, चेक गरौं भन्दाभन्दै पनि गरेनन्। टाउको दुखेर बिहानैदेखि औषधि सेवन गरेको थिएँ। तनाव नै थियो। घरपरिवार र वकिललाई जानकारी गराउँ भन्दा पनि नगराई लिएर आए। बाटोमा केही घटना भएको भए के हुन्थ्यो ? पटक-पटक घरमा र वकिललाई सूचना गरिदेऊ भन्दा पनि गरेनन्।

**● टंक खनाल,** मानव अधिकार अधिकृत



उजुरी परेको विषयमा जानकारी लियौं। हामीले सोधपुछ गर्दा प्रहरी अधिकारी पनि सँगै हुनुहुन्थ्यो। सोधपुछका आधारमा भोलि (आइतबार) आयोग केन्द्रमा प्रतिवेदन पठाउँछौं।

नयाँ पत्रिका

पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको स्वास्थ्य अवस्थाको बेवास्ता गर्दै प्रहरीले मध्यरातमा चितवनबाट पोखरा पुऱ्याएको पाइएको छ। बिहीबार राति ३ बजे पोखरा पुऱ्याएपछि गरिएको स्वास्थ्य परीक्षणमा उच्च रक्तचाप



देखिएपछि प्रहरीले लामिछानेको स्वास्थ्य अवस्था ख्याल नगरी रातारात हिँडाएको पाइएको हो। बुधबार १२ घण्टासम्म बयान लिएर उनलाई मध्यराति चितवनबाट पोखरा पुऱ्याइएको थियो।

राष्ट्रिय मानव अधिकार आयोगको गण्डकी प्रदेश कार्यालयको टोलीले शुक्रबार साँझ लामिछानेसँग

» पृष्ठ २ मा क्रमशः

कांग्रेस नेता डा. शेखर कोइरालाले भने-

### मध्यराति उठाएर लैजानु मानव अधिकारको हनन भयो



अदालतले आफ्नो प्रक्रियामा काम गरिराखेको छ। त्यसमा समय लाग्छ, मलाई केही भन्नु छैन। तर, राति १२ बजे उठाएर लैजानु मानव अधिकारविरुद्धको काम भयो। अमानवीय काम भयो। यो रविजीको मात्र कुरा होइन, कसैलाई पनि गर्न हुँदैन। हाम्रो देश लोकतान्त्रिक देश हो। जे भयो बिल्कुल गलत भयो।

# ड्रोनबाट गैंडा अनुगमन

बर्दियामा **यज्ञप्रसाद सापकोटा**

बर्दियामा ड्रोन प्रयोग गरेर गैंडाको अनुगमन गरिएको छ। हरेक वर्ष गैंडाको संख्या, वासस्थान र गैंडाको चोरीसिकारको अवस्था पत्ता लगाउन अनुगमन गर्ने गरिन्छ। गैंडा रहने क्षेत्रलाई सुरुमा ड्रोनबाट अनुगमन गरिने र त्यसपछि हात्तीमा प्राविधिक टोलीसहित गएर गैंडा पत्ता लगाउने गरिएको छ। अनुगमन गर्न जाने स्थानमा अन्य जनावरले निम्त्याउनसक्ने सम्भावित खतरा बुझ्न पनि ड्रोन प्रयोग गरिन्छ। जंगली हात्तीको बथान भएको स्थानमा घरपालुवा हात्ती लिएर जाँदा जोखिम हुन सक्ने भएकाले ड्रोन प्रयोग गरिएको निकुञ्जले जनाएको छ।



सन् २०२१ को राष्ट्रिय गैंडा गणनामा बर्दियामा ३८ गैंडा फेला परेका थिए। गत वर्ष गरेको गैंडा अनुगमनका क्रममा पनि ३८ वटा नै फेला परेका थिए। अनुगमनकै क्रममा प्राकृतिक कालगतिले मृत्यु भएका चार गैंडाको कंकाल फेला परेको बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत एवं सूचना अधिकारी सूर्य खड्काले बताए।

यस वर्ष पनि जोखिमबाट बच्नका लागि अभिमुखीकरण तालिम दिई प्राविधिकसहितको टोली तयार गरेर ११ मंसिरदेखि गैंडा अनुगमन सुरु गरिएको छ।भारतीय सीमावर्ती क्षेत्र खाता जैविक मार्गदेखि सुरु गरिएको गैंडा अनुगमन हाल निकुञ्जको मुख्य क्षेत्रमा सञ्चालित छ। अनुगमनका लागि ६ हात्ती र करिब ३५ जना प्राविधिकसहितको जनशक्तिको प्रयोग गरिएको छ। गैंडा अनुगमनका लागि बर्दिया राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाली सेना, खाता समन्वय समिति र उपभोक्ताहरूले सहकार्य गरेका छन्।

## स्थानीय तहका...

पृष्ठ १ बाट क्रमशः

उनीहरू आबद्ध नगरपालिका संघ छ। त्यस्तै, मुलुकभरका ४६० गाउँपालिकाको सहकार्यमा गठित गाउँपालिका राष्ट्रिय महासंघ छ। यी दुई संस्थाले जनवरीयता (करिब एक वर्षमा) मात्रै दातृ निकायबाट सवा ११ अर्ब सहयोग (उपलब्ध गराएको मात्र) लिएका छन्। राज्यका कुनै पनि निकायको अनुमतिबेगर लिएको यो रकममध्ये साढे आठ करोड खर्चसमेत गरिसकेका छन्।

नगरपालिका संघले यो वर्ष (अंग्रेजी वर्ष) सात करोड ७९ लाख ९४ हजार २२३ रुपैयाँ आर्थिक सहयोग प्राप्त गरेको छ। जसमध्ये पाँच करोड २४ लाख १३ हजार २८१ रुपैयाँ खर्च गरिसकेको छ। संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले दातृ निकायबाट आर्थिक सहयोग लिँदा सरकारको कुनै पनि निकायबाट स्वीकृति नलिएको र लिनुपर्ने आवश्यकता पनि नरहेको बताए। उनले भने, 'नगरपालिका संघले प्रत्येक वर्ष दातृ निकायबाट आर्थिक सहयोग लिने गर्छ। सहयोग लिँदा संघले सरकारको निकायबाट स्वीकृत लिनुपर्ने जरुरी छैन। किनकि यो अन्य संघसंस्थाजस्तो होइन, राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तर्गत दर्ता भएको संस्था हो।'

तर, नियमित कार्यक्रम सञ्चालनका लागि संघले जारी गरेको नेपाल नगरपालिका संघ (पहिलो संशोधन) विधान, २०७७ मा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोग प्राप्त गर्नुअघि अनिवार्य रूपमा नेपाल सरकारको अनुमति लिनुपर्ने व्यवस्था छ। उक्त विधानको दफा २१ मा भनिएको छ, 'विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोग प्राप्त गर्नुअघि संघले नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।' तर, संघले कुनै पनि दातृ निकायबाट आर्थिक सहयोग लिनुअघि हालसम्म अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन। संघका अध्यक्ष ढुंगाना भने दातृ निकायले नै अर्थ मन्त्रालयसँग सहयोग गर्न स्वीकृत लिएको हुनाले संघले लिनुनपर्ने तर्क गर्छन्। उनी भन्छन्, 'दातृ निकायले नै सहयोग गर्न अर्थ मन्त्रालयसँग पहिल्यै स्वीकृति लिएका हुन्छन्। त्यसैले हामीले लिइराख्नुपर्ने जरुरी छैन। हामी अन्य संघसंस्थाजस्तो होइन।'

नगरपालिका संघमातहत अहिले द एसिया फाउन्डेसन, युएसएड, युनिसेफ, एसिया प्यासिफिक, स्थानीय सरकारका दिगो व्यवस्थापनमा काम गर्ने आइसिएलइआईको सहकार्यमा विभिन्न परियोजना सञ्चालित छ। त्यसबाहेक जिआइजेट, टाउन डेभलपमेन्ट फन्ड, युरोपियन युनियन, सिटिनेट, बिल गेट्स फाउन्डेसन, फ्रेडरिक इबर्ट फाउन्डेसनसँग पनि सहकार्य गर्दै आएको छ। तर, संघले आफ्नो वेबसाइटमा विभिन्न निकायसँगको साझेदारी उल्लेख गरे पनि त्यसअनुसारका परियोजना र बजेटका सम्बन्धमा भने पूरा विवरण उपलब्ध गराएको छैन।

त्यस्तै, नगरपालिका संघजस्तै गाउँपालिका महासंघले पनि सरकारको कुनै पनि नियकाबाट स्वीकृति नलिई यो वर्ष तीन करोड ५५ लाख ३३ हजार १८९ रुपैयाँ आर्थिक सहयोग प्राप्त गरेको छ। जसमध्ये तीन करोड २३ लाख ५३ हजार ८६४ रुपैयाँ खर्च गरिसकेको जनाएको छ। महासंघका महासचिव खिमबहादुर थापाले दातृ निकायबाट रकम लिएको, तर सरकारको कुनै पनि निकायबाट हालसम्म स्वीकृति नलिएको स्वीकार गरे। उनले भने, 'महासंघले विभिन्न दातृ निकायबाट आर्थिक सहयोग प्राप्त गर्छ। त्यस्ता रकम प्राप्त गर्नुअघि महासंघले सरकारको कुनै पनि निकायबाट स्वीकृत लिएको छैन। लिनु आवश्यक पनि छैन। किनभने महासंघ समाज कल्याण ऐनअन्तर्गत दर्ता भएको संस्था होइन। जुन जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन्छ। स्वीकृति लिनुपर्ने उनीहरूले हो। हामीले होइन।'

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले कुनै पनि संघसंस्थाले दातृ निकायबाट आर्थिक सहयोग लिँदा सरकारले तोकेको निकायबाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने बताए। स्थानीय सरकारकै जनप्रतिनिधिबाट गठित नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले दातृ निकायबाट आर्थिक सहयोग लिँदा सरकारको कुनै पनि निकायबाट स्वीकृति नलिनु दुःखद रहेको उनले बताए। 'विदेशी दातृ निकायबाट कुनै पनि संघसंस्थाले आर्थिक या जिन्सी जुनसुकै सहयोग लिँदा कि त अर्थ मन्त्रालय, नभए सरकारले तोकेको निकायबाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्छ। तर, नगरपालिका संघ र गाउँपालिका महासंघले आर्थिक सहायता लिँदा हालसम्म स्वीकृति लिएको देखिँदैन। यो दुःखद विषय हो। भोलि मुलुकको नेतृत्वमा पुग्ने उहाँहरू नै हो। उहाँहरूबाटै यस खालका गतिविधि भएका छन्। यसले निश्चय पनि राम्रो सन्देश प्रवाह गरेको छैन,' भट्टराईले भने।

गाउँपालिकाले उपलब्ध गराएको तथ्यांकअनुसार यो वर्ष एसियाली विकास बैंक, युनिसेफ, एसिया फाउन्डेसन, जिआइजेट, एसडिसी, युएनडिपी, इमिवाट, आइडिया इन्टरनेसनल र नीति फाउन्डेसनसँग सहकार्य गरेको देखिन्छ। त्यसबाहेक वर्ल्डभिजन, युकेएड, ओपन सोसाइटी फाउन्डेसन, युएसएडलगायतका दातृ निकायबाट पनि महासंघले आर्थिक सहयोग लिएको छ। उक्त परियोजनाको बजेट महासंघले पनि उपलब्ध गराएको छैन।

### कहाँ खर्च गर्छन् सहायता रकम ?

नगरपालिका संघ र गाउँपालिका महासंघले विनास्वीकृति लिएका अधिकांश आर्थिक सहायता गोष्ठी, नीति-निर्माण र सेमिनारमा खर्च गर्ने गरेका छन्। जस्तैः द एसिया फाउन्डेसनले नगरपालिका संघलाई ०२३ मार्चदेखि ०२४ डिसेम्बरसम्मका लागि ८५ लाख ४६ हजार ४४२ रुपैयाँ आर्थिक सहायता दिएको छ। यो रकम क्षमतावृद्धि, रणनीति निर्माण, वार्षिक योजना निर्माण, गोष्ठीलगायतमा खर्च भएको छ। त्यसमध्ये पनि अधिकांश रकम सुशासनका निम्ति क्षमता विकासमा खर्च हुन्छ।

संघका उपाध्यक्ष कृष्णप्रसाद सापकोटाले भने, 'दातृ निकायबाट प्राप्त रकम क्षमतावृद्धि, रणनीति निर्माण, वार्षिक योजना निर्माणलगायतमा खर्च हुने गरेको छ। केही रकम विकास निर्माणमा पनि खर्च हुन्छ।'

फाउन्डेसनले गाउँपालिका महासंघलाई पनि सोही अवधिमा दुईपटक गरी एक करोड ४२ लाख ३३ हजार ५८६ आर्थिक सहयोग गर्‍यो। उक्त रकम पनि विचार गोष्ठी, सेमिनार, नीति तथा योजना निर्माणमै खर्च भयो। महासंघ अध्यक्ष लक्ष्मीदेवी पाण्डेले दातृ निकायबाट प्राप्त अधिकांश रकम सुशासनमा क्षमता विकास गर्ने उद्देश्यले खर्च हुने बताइन्। रोचक त के भने स्थानीय सरकारलाई सुशासनका निम्ति नीति निर्माणमा क्षमता अभिवृद्धि गर्न आर्थिक सहायता दिने एसिया फाउन्डेसन आफैंले भने विनास्वीकृति परियोजना सञ्चालन गर्दै आएको छ।

## जाँदाजाँदै...

पृष्ठ १ बाट क्रमशः

यसमा प्राधिकरणभन्दा अर्थ मन्त्रालय बढी निर्णायक हुन्छ।'

### गाभ्ने नीति लिएको दुई वर्षमै थप्ने चलखेल

आर्थिक वर्ष ०७९/८० मा प्राधिकरणले बिमा कम्पनीहरूको चुक्ता पुँजी बढाउने र एक-आपसमा गाभिएर आउन प्रोत्साहन गर्ने नीति लियो। जसकारण १२ निर्जीवन बिमा कम्पनीहरू एक-आपसमा गाभिएर ६ वटामा झरे। त्यस्तै, नौ जीवन बिमा कम्पनीहरू मर्ज भएर चारवटा भए। तर, बिमकको संख्या घटाएर पुँजी वृद्धि गर्ने नीति ल्याएको दुई वर्षमै प्राधिकरण फेरि त्यसविपरीत नयाँ लाइसेन्स थप्न सक्रिय छ।

हाल बजारमा १४ निर्जीवन र १४ जीवन बिमा कम्पनी छन्। सिलवालले सात लघुबिमा कम्पनीको लाइसेन्स बाँडिसकेका छन्। त्यस्तै, उनले आफ्नै कार्यकालमा हिमालयन रि-इन्स्योरेन्स नामको पुनर्बिमा कम्पनीलाई पनि लाइसेन्स दिएका थिए। सीमित व्यावसायिक घराना समूहलाई लाभ हुने गरी विनाप्रतिस्पर्धाबाट हिमालयन रि-इन्स्योरेन्सको लाइसेन्स बाँडिएको भन्दै उनको व्यापक आलोचना पनि भएको थियो। यो कम्पनीमा लक्की ग्रुप, दुगड समूह, गोल्छा र मुरारका समूहको संयुक्त लगानी छ।

अर्थतन्त्र चलायमान नभएको र व्यावसायिक गतिविधि बढ्न नसकेको अवस्थामा नयाँ बिमा कम्पनी थप्नु प्रत्युत्पादक हुने जानकारहरूको चिन्ता छ। तत्कालीन बिमा समिति (हाल बिमा प्राधिकरण)का पूर्वअध्यक्ष फत्तबहादुर केसीले खर्बौं डलर अर्थतन्त्र भएको मुलुकहरूमा सानो संख्यामा बिमा कम्पनीहरू रहेको परिवेशमा नेपालजस्तो ५३ अर्ब हाराहारी कुल गार्हस्थ उत्पादन (जिडिपी) भएको देशमा ठुलो संख्यामा बिमा कम्पनी आवश्यक नभएको बताए।

'देशमा बिमा कम्पनी कति चाहिन्छ भन्ने हाम्रोमा अहिलेसम्म अध्ययन भएको छैन। अर्थतन्त्रको आकार, व्यवसायको आकार र आवश्यकता हेरेर मात्रै लाइसेन्स खुलाउनुपर्छ। संसारका खर्बौं डलरको अर्थतन्त्र भएका मुलुकहरूमा थोरै संख्यामा बिमा कम्पनीहरू हुँदा पनि पर्याप्त छन्। नेपालको अर्थतन्त्र त ५३ खर्ब रुपैयाँ मात्रै छ। त्यसमाथि अहिले अर्थतन्त्र संकुचित बनेको देखिन्छ। उद्योगधन्दा बढ्दै जाने अवस्था छैन, भएका पनि बन्द छन्। यस्तो अवस्थामा बिमा कम्पनी थप्ने हो भने अहिलेको सीमित बजार खोसाखोस मात्रै हुने हो,' उनले भने।

### नियमावली ल्याउनुअघि नै किन बाँडिँदै छ लाइसेन्स ?

हाल कार्यान्वयनमा रहेको बिमा नियमावलीअनुसार नयाँ बिमा कम्पनी दर्ता गर्न ५० हजार रुपैयाँ दस्तुर तिरे पुग्छ। तर, प्रस्तावित नियमावली लागू हुने हो भने प्राधिकरणमा पूर्वस्वीकृतिका लागि पाँच लाख रुपैयाँसम्म तिर्नुपर्छ भने त्यसपछि बिमा कम्पनीको लाइसेन्स लिन पाँच करोड रुपैयाँसम्म तिर्नुपर्ने हुन्छ।

प्रस्तावित नियमावलीको मस्यौदाअनुसार जीवन बिमा कम्पनीको लाइसेन्स लिन पाँच करोड रुपैयाँ शुल्क लाग्नेछ, निर्जीवन बिमाका लागि दुई करोड ५० लाख र लघुबिमा कम्पनीका लागि ५० लाख रुपैयाँ लाग्ने उल्लेख छ। यदि पुनर्बिमा कम्पनी खोल्ने हो भने १० करोड रुपैयाँसम्म शुल्क तिर्नुपर्ने उल्लेख छ।

प्रस्तावित नियमावलीअनुसार जीवन बिमाको लाइसेन्सका लागि पूर्वस्वीकृति लिनका लागि पाँच लाख तिर्नुपर्छ। निर्जीवन बिमाका लागि दुई लाख ५० हजार, लघुबिमाका लागि एक लाख र पुनर्बिमा कम्पनी खोल्ने हो भने पूर्वस्वीकृति लिन १० लाख तिर्नुपर्ने प्रस्तावित नियमावलीमा व्यवस्था गरिएको छ। नियमावलीअगावै लाइसेन्स हात पार्ने जीवन बिमा कम्पनीका सञ्चालकले पूर्वस्वीकृति र लाइसेन्स शुल्क तिर्नुपर्ने छैन।

दुई वर्ष दुई महिनाअघि (२३ असोज ०७९ मा) बिमा ऐन लागू भएको थियो। तर, त्यही ऐनलाई कार्यान्वयन गर्न चाहिने नियमावली भने ल्याइएको छैन। गत वर्ष (०८०) असारमा प्राधिकरणले नियमावलीको मस्यौदा तयार पारी अर्थ मन्त्रालय पुर्‍याएको थियो। गत १७ भदौ (०८१) मा अर्थ मन्त्रालयले मन्त्रिपरिषद्मा पेस गरेको थियो। तीन महिनायता नियमावलीको मस्यौदा मन्त्रिपरिषद्मा विचाराधीन छ। यसरी दुई जीवन बिमा र दुई निर्जीवन बिमा कम्पनीका सञ्चालकलाई लाइसेन्सबापत तिर्नुपर्ने १५ करोड रुपैयाँको दायित्वबाट बचाउन हतारोमा लाइसेन्स वितरणको तयारी भइरहेको स्रोतको दाबी छ।

## कसरी गठन हुन्छन् नगरपालिका संघ र गाउँपालिका महासंघ ?







राजा महेन्द्रले राजपरिवार तथा उनीहरूनिकट रहेकाहरूबाट सञ्चालित सामाजिक संघसंस्थालाई व्यवस्थित गर्न राष्ट्रिय निर्देशन ऐन, २०१८ जारी गरेका थिए। सोही ऐनमा टेकेर नेपाल बाल संगठन, सैनिक श्रीमती संघ, प्रहरी श्रीमती संघजस्ता संस्था दर्ता भए। पछि सोही ऐनअन्तर्गत उद्योग वाणिज्य महासंघ, बार एसोसिएसन, नेपाल पत्रकार महासंघजस्ता संस्था पनि दर्ता भए।

१० वटा दफा रहेको उक्त ऐनमा दातृ निकायबाट सहयोग लिने/नलिने, लिए कसरी लिने सन्दर्भ कतै उल्लेख छैन। नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ सोही ऐनअन्तर्गत दर्ता भएका संस्था हुन्। ऐनको सोही कमजोरीमा टेकेर संघ र महासंघ दातृ निकायबाट आर्थिक सहयोग लिनुअघि नेपाल सरकारको कुनै निकायबाट अनुमति लिनु आवश्यक ठान्दैनन्। यतिसम्म कि संघ र महासंघले गरेको खर्चका सम्बन्धमा उनीहरू सरकारको कुनै निकायप्रति उत्तरदायी हुनुपर्दैन। उनीहरूलाई आवधिक नवीकरण हुनुपर्ने आवश्यकता पनि छैन।

त्यसैले दुवै संस्थाले आफूखुसी आम्दानी र खर्चको अडिट गर्छन्। मन लागे सरकारको निकायमा पेस गर्छन्, नत्र दराजमै थन्क्याउँछन्। किनकि अडिट रिपोर्ट तोकिएको सरकारी निकायमा पेस गर्ने र नेतृत्वलाई जवाफदेही बनाउने ऐनमा कतै व्यवस्था छैन। गाउँपालिका महासंघका महासचिव थापाले अडिट रिपोर्ट भने जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेस गर्ने गरेको बताए। उनले भने, 'हामी संस्थाको अडिट गर्छौं। अडिट रिपोर्ट जिल्ला प्रशासन कार्यालय काठमाडौंमा लगेर पेस गर्ने गरेका छौं।'

सोही ऐनको दफा ८ मा ऐन र ऐनअन्तर्गत बनेका नियमहरूका सम्बन्धमा नेपाल सरकारले दिएको जुनसुकै आदेश अन्तिम हुने र त्यसउपर कुनै अदालतमा प्रश्न उठाउन नपाइने भनिएको छ। दफा ८ मा भनिएको छ, 'यो ऐन वा यसअन्तर्गत बनेका नियमहरूअन्तर्गत नेपाल सरकारले दिएको जुनसुकै आदेश-निर्देशन अन्तिम हुनेछ र त्यसउपर कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन।'

अर्थात्, ऐनविपरीतको गतिविधिमा संलग्न हुनेविरुद्धको कारबाही प्रक्रिया सरकारको मुडमा भर पर्नेछ। तर, हालसम्म कानुनविपरीतका गतिविधिमा संलग्न कोहीविरुद्ध पनि कारबाही हुन सकेको छैन। किनकि ऐनमा दातृ निकायबाट आर्थिक सहयोग लिने-नलिने सम्बन्धमा कतै उल्लेख छैन। तर, संघ र महासंघले आर्थिक सहायता लिएका छन्। ऐनमा उल्लेख नभएका गतिविधिमा संलग्न हुनु पनि कानुनविपरीतका गतिविधि हुन्।

## स्वास्थ्य...

पृष्ठ १ बाट क्रमशः

भेटेर सोधपुछ गर्दा उनको स्वास्थ्य अवस्थाबारे नयाँ तथ्यबाहिर आएको हो। आयोगका अधिकारीका अनुसार चितवनबाट रातारात पोखरा ल्याएर स्वास्थ्य परीक्षण गर्दा लामिछानेको रक्तचाप १८०/९० थियो। कार्यालय प्रमुख नितु गर्तौला र मानव अधिकार अधिकृत टंक खनालले लामिछानेसँग सोधपुछ गर्दा प्रहरी अधिकारी पनि सँगै थिए।

हाल रक्तचाप सामान्य रहेको लामिछानेले मानव अधिकार आयोगको टोलीसँग बताएका छन्। चितवनमा स्वास्थ्य जाँच गर्न माग गरे पनि प्रहरीले कास्की पुगेपछि मात्रै स्वास्थ्य परीक्षण गराएको लामिछानेले आयोग अधिकारीहरूसँग गुनासो गरेका छन्।

लामिछानेले चितवनबाट पोखरा ल्याउने क्रममा आफूमाथि अमानवीय व्यवहार भएको र सूचनाको हकको समेत हनन गरिएको बताएका छन्। 'भोलिपल्ट पोखरा ल्याउने कुरा हुँदाहुँदै अचानक राति ल्याइयो। सञ्चो छैन, औषधि खाएको छु, चेक गरौँ भन्दाभन्दै पनि गरेनन्। टाउको दुखेर बिहानैदेखि औषधि सेवन गरेको थिएँ। तनाव नै थियो। घरपरिवार र वकिललाई जानकारी गराउँ भन्दा पनि नगराई लिएर आए,' लामिछानेले आयोगको टोलीसँग भनेका छन्, 'बाटोमा केही घटना भएको भए के हुन्थ्यो ? पटक-पटक घरमा र वकिललाई सूचना गरिदेऊ भन्दा पनि गरेनन्।'

अनुसन्धानबारे जानकारी पाउनु हरेक नागरिकको अधिकार भएको खनालले बताए। 'हरेक नागरिकको सूचनाको हक हुन्छ। हिरासतमा रहेका व्यक्तिले आफ्नो अनुसन्धान कहाँ पुग्यो, कहाँ लैजाँदै छ भनेर जान्न पाउँछ। स्वास्थ्य त झनै संवेदनशील कुरा भयो,' खनालले नयाँ पत्रिकासँग भने।

लामिछानेकी पत्नी निकिता पौडेलले शुक्रबार नै मानव अधिकार हनन भएको भन्दै मानव अधिकार आयोगमा उजुरी दिएकी छिन्। सोही उजुरीपछि लामिछानेसँग सोधपुछका लागि आयोगको टोली गएको खनालले बताए। 'उजुरी परेको विषयमा जानकारी लियौँ।सोधपुछ गर्दा प्रहरी अधिकारी पनि सँगै हुनुहुन्थ्यो। सोधपुछका आधारमा भोलि (आइतबार) आयोग केन्द्रमा प्रतिवेदन पठाउँछौँ,' उनले भने।

खनालका अनुसार दुर्व्यवहार भएको विषय आयोगले हेर्नुपर्ने लामिछानेको माग छ। मादक पदार्थ सेवन गरेका प्रहरीले मध्यरातमा दुर्व्यवहार गरेको लामिछानेले आयोगको टोलीसँग बताएका छन्। 'राति सुतिराखेको अवस्थामा चार-पाँचजना आएका थिए। एकजनाले मादक पदार्थ सेवन गरेको जस्तो थियो। मैले कुरा उठाएपछि एकजना त्यहाँबाट भागे,' लामिछानेले आयोग टोलीसँग भनेका छन्।

लामिछानेले माथिल्लो निकायको आदेशमा आफूमाथि दुर्व्यवहार भएको दाबी गरेका छन्। पोखरा प्रहरीसँग गुनासो नभएको र चितवन प्रहरीले पनि माथिको आदेश पालना गर्दा अमानवीय व्यवहार भएको लामिछानेको भनाइ छ। 'माथिको आदेशअनुसार ममाथि दुर्व्यवहार भएको भन्ने छ। सुरुमा भोलिपल्ट पोखरा आउने भनिएको थियो। सोहीअनुसार आराममा थिएँ। एक्कासि पोखरा जाने कुरा आयो। आइजीकै ठाडो आदेशमा यस्तो भएको हो भन्ने सुनेको छु। छानबिनमा सत्य-तथ्य बाहिर आउला,' खनालले लामिछानेको भनाइ उद्धृत गर्दै भने।

रास्वपाले सभापति लामिछानेलाई अनुसन्धानका नाममा यातना दिएर सरकारले मानव अधिकार हनन गरेको आरोप लगाएको थियो। सरकारी निर्देशनमा लामिछानेलाई मध्यराति चितवनबाट पोखरा पुर्‍याएको रास्वपाको दाबी छ। आफन्त र कानुन व्यवसायीलाई जानकारी नदिई मध्यरातमा शंकास्पद तरिकाले हिँडाउँदा थुनुवाको आधारभूत मानव अधिकार हनन भएको रास्वपाका नेताहरूले बताउँदै आएका छन्।

लामिछानेलाई पोखरा हिरासतमा पुगेर शुक्रबार पूर्वप्रधानमन्त्री एवं नेसपा अध्यक्ष डा. बाबुराम भट्टराई र शनिबार राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीलगायतले भेटेका छन्। भट्टराईले लामिछानेमाथि प्रतिशोध साधिएको बताएका छन्। शाहीले लामिछानेको मानव अधिकार हनन भएको प्रतिक्रिया दिएका छन्। रास्वपाले राज्यको न्यायिक पद्धति, कानुनी शासन र लोकतान्त्रिक अधिकारको रक्षार्थ सक्रिय रहन सबैसँग अपिलसमेत गरेको छ।


**नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८१/०८/२३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रका शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | औद्योगिक व्यवसाय ऐन २०१४ बमोजिम नेपाल सरकार उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा), स्थानीय व्यापार मिति २०७७/०६/२६ मा प्रा.फ.र.नं ३-३४-३७६-१५६०३४/२०७७/७८ अन्तर्गत दर्ता भएको **ब्लयाक पिङ्ग।** ठेगाना ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १९ कुमारीपाटी। |
| | **ऋणी फर्मका प्रोप्राइटरः** कमल बहादुर खडगीकी छोरी, कुमार मान श्रेष्ठकी बुहारी, तारा मान श्रेष्ठकी श्रीमती ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं. १९ बस्ने, ना.प्र.नं. ३२१६१ (जारी मितिः २०४४/०९/२०, स्थान ललितपुर) भएको **मञ्जु के .सी।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | १. कृष्ण मान श्रेष्ठको नाती, कुमार मान श्रेष्ठको छोरा, ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं. १९ बस्ने, ना.प्र.नं. ४९२५७( जारी मितिः २०४७/०५/३१ स्थान ललितपुर) भएको **तारा मान श्रेष्ठ।** |
| | २. कुमार मान श्रेष्ठकी नातीनी, तारा मान श्रेष्ठकी छोरी, ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं. १९ बस्ने, ना.प्र.नं. २८-०१-०६९-०१३५९ (जारी मितिः २०६९/०२/२९, स्थान ललितपुर) भएको **दिक्सा श्रेष्ठ।** |
| २ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा)मा मिति २०७६/०६/०६ मा प्रा.फ.र.नं. १५१३३८/०७६/७७, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **श्रेष्ठ ट्रेड इम्पेक्स।** ठेगाना ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २०, ललितपुर। |
| | **ऋणी फर्मका प्रोप्राइटरः** जगदिश्वर मान श्रेष्ठकी छोरी, ध्रुव नारायण श्रेष्ठकी बुहारी, श्रीशंकर श्रेष्ठकी श्रीमती ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं. १६ बस्ने, ना.प्र.नं. ९६०८२ (जारी मितिः २०५५/०६/२६, स्थान ललितपुर) भएकी **सरिना श्रेष्ठ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | जगत नारायण श्रेष्ठको नाती, ध्रुव नारायण श्रेष्ठको छोरा ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं. २१ बस्ने, ना.प्र.नं. ७१६२८ (जारी मितिः २०५१/१२/१७ स्थान ललितपुर ) भएको **श्रीशंकर श्रेष्ठ।** |

NABIL BANK

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



**Karnali Province Government**
**Ministry of Physical Infrastructure And Urban Development**
**Infrastructure DevelopmentDirectorate**
**Infrastructure Development office**
**Dailekh**

**Invitation for Bids**

**IFB No: 4-081/082**
**Date of First Publication: 2081/08/23 8th Dec, 2024)**

1. Infrastructure Development Office (IDO), Karnali Province, Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/ Name of project | Average Annual construction Turnover(NRS) in Million | Bid Validity / Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs | Work Experience/ Qalification |
|---|---|---|---|---|---|---|
| 1. | IDO/Dailekh/ NCB/ W/35/081-082,Chinyathapa Motorable Bridge, Aathabis MP-Dailekh | 29.70 Millions | 90 Days/120 Days From Bid Opening Date | 11,84,000.00 | 5000.00 | Construction of At least 1(one) RCC Motorable Bridge Project .Contract withing the last ten(10) Years, With a value of at least NRs. 15.80 Millions. |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Name of the Bank : **Rastriya Banijya Bank**
   Revenue Account Number : **1000100201010006**
   Name of Office : **Infrastructure Development Office Dailekh**
   Rajaswo Shirshak (revenue) Number : **14229**
   Security Account Number : **4010100202030000**
   Office Code Number : **3370167016**
3. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office, Karnali Province, Dailekh Telephone No: 089-420153 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder shall submitting their bids electronically only. Electronic bids must be submitted to the Infrastructure Development office , Dailekh electronically through PPMO website http://www.bolpatra.gov.np/egp.

**Office Chief**

# बाल विकास शिक्षा भद्रगोल

## ऐनमा एक वर्ष भनिएको शिक्षा व्यवहारमा चार वर्ष, विज्ञहरूद्वारा इसिडी तह दुई वर्षमा झार्न सुझाव

शिवहरि घिमिरे/नयाँ पत्रिका

औपचारिक रूपमा विद्यालयमै भर्ना भएर अक्षर चिन्न सुरु गरेका बालबालिकालाई कक्षा १ सम्म पुग्न चार वर्षसम्म अध्ययन गर्नुपर्ने बाध्यता अब हट्ने भएको छ। कलिलो मस्तिष्कका बालबालिकालाई कक्षा १ मा आउनुअघि अनेकथरी कक्षा भर्ना गरेर बोझ थुपारिएको भन्दै शिक्षा मन्त्रालयले इसिडी तहलाई दुई वर्षमा झार्ने गरी गृहकार्य थालेको हो।

चारवर्षे इसिडी तहलाई सुधार गर्न विज्ञहरूले पनि शिक्षा मन्त्रालयलाई दबाब दिँदै आइरहेका छन्। शिक्षामन्त्री विद्या भट्टराईले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र शिक्षा नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा टेकेर दुई वर्षमा झार्ने छलफल चलाउन थालेकी छिन्। तर, सो ऐन तथा प्रारूपमा इसिडी तह एक वर्षको हुनुपर्ने व्यवस्था छ। कक्षा १ मा जानुभन्दा अघि एक वर्ष मात्रै अध्ययन गरे पुग्ने ऐनले व्यवस्था गरे पनि उक्त व्यवस्था प्रभावकारी नहुने विज्ञहरूले बताउँदै आएका छन्। तर, साना बालबालिकालाई सिकाउने नाममा विद्यालयहरूले किताबको भारी बोकाएको र चर्को शुल्क असुलेको भन्दै विज्ञहरूले यसलाई गैरकानुनी ठानेका छन्। त्यसकारण इसिडी तह दुई वर्ष उपयुक्त हुने विज्ञहरूले औंल्याएका छन्।

शिक्षाविद् विद्यानाथ कोइरालाले इसिडी तह अझै पनि भद्रगोल अवस्थामा रहेको भन्दै व्यवस्थित बनाउन आवश्यक रहेको बताए। यो तह दुई वर्ष उपयुक्त हुने उनको सुझाव छ। 'प्ले ग्रुप, नर्सरी, एलकेजी, युकेजी भनेर चार वर्ष पढाउने गरिएको छ, यो अवधारणा अलि भएन, इसिडीको अर्थ 'अर्ली चाइल्डहुल्ड डेभलप' हो,' उनले भने, 'एक क्लासमा जान पूर्वतयारी गर्न दुई वर्ष उचित हुन्छ, प्ले ग्रुपमा उनीहरूलाई खेलाउने हो, नर्सरीमा हेरविचार मात्रै गर्ने हो, एलकेजी र युकेजी बिस्तारै पढाउने हो, त्यसैले यसलाई दुई वर्षमा झार्दा राम्रो हुन्छ।' उनले यसलाई दुई वर्षमा ल्याउँदा लाग्ने खर्च कसरी व्यवस्थापन गर्ने र कसरी पढाउने तथा अक्षर सिकाउने भन्नेबारे सरकारी निकायले बढी ध्यान दिन जरुरी रहेको बताए। कोइरालाले कक्षा १ मा पुग्नुअघि प्रिएजुकेसन पनि महत्त्वपूर्ण हुने भएकाले दुई वर्षका बच्चालाई पढ्ने कला सिकाउनुपर्ने सुझाए।

प्रारम्भिक बाल विकास तहलाई कानुनले एक वर्ष बनाउने उल्लेख गरेको र विज्ञहरूले दुई वर्षको बनाउनुपर्ने सुझाव दिएपछि यसमा कसरी अघि बढ्ने भन्नेबारे अलमल भएको छ। हाल निजी तथा सामुदायिक विद्यालयले बाल विकास तह भनेर प्ले ग्रुप, नर्सरी, एलकेजी, युकेजी सञ्चालन गर्दै आएका छन्। कक्षा १ मा पुग्नुभन्दाअघि बालबालिकाले चार वर्ष पढ्नुपर्ने अवस्थाका कारण अभिभावकले पनि बालबालिकालाई डेढ दुई वर्षको उमेरमा स्कुल पठाउने गर्छन्। यसो गर्दा बालबालिकाको हेरविचार र उनीहरूको विकासमा असर पर्ने चिकित्सकहरू



● **विद्यानाथ कोइराला,** शिक्षाविद्

प्ले ग्रुप, नर्सरी, एलकेजी, युकेजी भनेर चार वर्ष पढाउने गरिएको छ, यो अवधारणा अलि भएन, इसिडीको अर्थ 'अर्ली चाइल्डहुल्ड डेभलप' हो। एक क्लासमा जान पूर्वतयारी गर्न दुई वर्ष उचित हुन्छ, प्ले ग्रुपमा उनीहरूलाई खेलाउने हो, नर्सरीमा हेरविचार मात्रै गर्ने हो, एलकेजी र युकेजी बिस्तारै पढाउने हो, त्यसैले यसलाई दुई वर्षमा झार्दा राम्रो हुन्छ।



● **दीपक शर्मा,** महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र

दसैँअघि नै कार्यदल बने पनि हामीले घनीभूत रूपमा छलफल गरिसकेका छैनौं, अहिले छलफलमै छौं। कानुनमा एकथरी र विज्ञहरूमा अर्कोथरी विषय उठिरहेको छ, सबैको विचार, धारणा र कानुनी कुरालाई व्याख्या गरेर निष्कर्षमा पुग्न सकिन्छ।



● **मनोविद् डा. गंगा पाठक**

इसिडीको अर्थ पढ्नभन्दा पनि घुलमिल हुन र साथीहरूसँग बोल्न सिकाउनु हो। तर, हामीकहाँ स्कुलहरूले यसको दुरुपयोग गरेर बालबालिकालाई अनावश्यक बोझ र तनाव दिएका छन्। दुई-तीन वर्षकै बच्चालाई पढाउने, लेखाउने र घोकाउने गरिएको पाइन्छ। यो राम्रो हुँदै होइन। अहिलेका बच्चाहरू पढ्न-लेख्न मन नगर्नुको कारण पनि सानैदेखि पढाइको बोझ थपिदिनुले हो। इसिडी तहमा बालबालिका खेलीखेली बस्न रुचाउँछन्। उनीहरूलाई बौद्धिक, सामाजिक, शारीरिक विकास र भाषाको विकास तयार गर्ने केन्द्र इसिडी हो। यो स्कुल होइन, तर हामीकहाँ स्कुल नै बनाएर घोकाइएको पाइन्छ। पाँच वर्षपछि बालबालिकाले पढ्न पठाउनुपर्छ।

---

बताउँछन्। त्यसकारण पनि बालविकास तहलाई दुई वर्षको बनाउने र विद्यालय पठाउने उमेर तीन-चार वर्षको हुनुपर्ने विज्ञहरूको सुझाव छ।

सरकारले पाँच वर्षअघि नै तयार पारेको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र शिक्षा नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले इसिडी एक वर्षको हुनुपर्ने व्यवस्था गरेको छ। तर, त्यसबारे विज्ञहरू नै सहमत छैनन् भने निजी र सामुदायिक विद्यालयले चार वर्षसम्म पढाउने गरेका छन्।

कानुनमा एक किसिमको व्यवस्था भएको, अभ्यासमा अर्को भइरहेको र विज्ञहरूबाट फरक मत आएकाले



शिक्षा तथा मानव स्रोत विकास केन्द्रले यसबारे थप छलफल थालेको छ। केन्द्रले प्रारम्भिक बाल विकास तथा पूर्वप्राथमिक शिक्षा (मन्टेस्वरी) कस्तो बनाउने भन्ने सन्दर्भमा सुझावसमेत मागेको छ। दसैँअघि शिक्षामन्त्री भट्टराईले दुई वर्ष बनाउने वा कानुनअनुसार जाने भन्ने सन्दर्भमा थप सुझाव संकलनका लागि केन्द्रका महानिर्देशक दीपक शर्माको संयोजकत्वमा कार्यदल गठन गरेकी थिइन्। कार्यदलले हाल छलफल चलाइरहेको छ।

केन्द्रका महानिर्देशक तथा कार्यदलका संयोजक दीपक शर्माले इसिडी तहलाई कसरी लैजाने भन्नेबारे छलफल भइरहेको बताए। 'दसैँअघि नै कार्यदल बने पनि हामीले घनीभूत रूपमा छलफल गरिसकेका छैनौं, अहिले छलफलमै छौं,' उनले भने, 'कानुनमा एकथरी र विज्ञहरूमा अर्कोथरी विषय उठिरहेको छ, सबैको विचार, धारणा र कानुनी कुरालाई व्याख्या गरेर निष्कर्षमा पुग्न सकिन्छ।' पाठ्यक्रम विकास केन्द्रले बाल शिक्षालाई व्यवस्थित बनाउन ०७७ मा प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम तयार पारेको थियो। सो पाठ्यक्रममा बालबालिकालाई कस्ता विषय सिकाउने भन्नेबारे उल्लेख गरिएको छ।

शिक्षा ऐन (नवौं संशोधन) ०२८ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षाको परिकल्पना गरेको छ। ऐनको दफा ११ त (१)मा प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन एक वर्ष सञ्चालन गर्ने उल्लेख छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम, २०७६ ले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकास अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहार गर्नुपर्ने व्यवस्था गरेको छ। तर, हाल यो व्यवस्था कार्यान्वयनमा छैन।

अनिवार्य तथा निःशुल्क ऐनमा इसिडीमा भर्ना गर्ने बालबालिकाको उमेर ४८ देखि ६० महिनासम्मको हुनुपर्ने व्यवस्था छ। दुई वर्षभन्दा कम उमेरका बालबालिकालाई विद्यालय भर्ना गर्न नहुनेसमेत कानुनमा उल्लेख गरिएको छ। केन्द्रको तथ्यांकअनुसार हाल ११ लाख ५० हजार बालबालिका निजी तथा सामुदायिक विद्यालयमा इसिडी तहमा भर्ना भएका छन्। निजी तथा सामुदायिक विद्यालयले (प्ले ग्रुप, नर्सरी, एलकेजी र युकेजी) तहलाई इसिडी तह माने पनि यसले अभिभावकलाई आर्थिक भार थपेको र विद्यार्थी कलिलो उमेरमा विद्यालय जानुपर्ने बाध्यता देखिने अवस्था आएको भन्दै विज्ञहरूले इसिडी तहलाई दुई वर्षको बनाउनुपर्ने बताएका हुन्।

प्याब्सन र एनप्याब्सनले पनि इसिडी तह दुई वर्षकै हुनुपर्ने प्रस्ताव कार्यदलसमक्ष गरेका छन्। तर, बालविकास तहका शिक्षकहरूको संगठन नेपाल बालविकास शिक्षक केन्द्रीय संघर्ष समिति भने दुई वर्षमा झार्नेबारे सहमत छैन। समितिकी अध्यक्ष कृष्णाकुमारी थापामगरले एक वा दुईवर्षे बनाउँदा प्रभावकारी नहुने बताइन्। 'बालविकास तहका हरेक कक्षाको आ-आफ्नै महत्त्व छ, यसलाई घटाउँदा वा कटौती गर्दा बालबालिकाको सिकाइको हिसाबले राम्रो हुँदैन,' उनले भनिन्, 'सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीलाई एक वा दुई वर्षले घाटा हुन्छ, यहाँ सिकाइ स्तर एउटै भएका बालबालिका आउँदैनन्।' उनले इसिडीलाई परिवर्तन गर्नेबारे आफ्नूहरूसँग कुनै पनि छलफल तथा समन्वय नभएको गुनासो गरिन्।

मनोविद् डा. गंगा पाठकले इसिडीका नाममा बालबालिकालाई बोझ थुपारिएको बताइन्। 'इसिडीको अर्थ पढ्नभन्दा पनि घुलमिल हुन र साथीहरूसँग बोल्न सिकाउनु हो, तर हामीकहाँ स्कुलहरूले यसको दुरुपयोग गरेर बालबालिकालाई अनावश्यक बोझ र तनाव दिएका छन्,' उनले भनिन्, 'दुई-तीन वर्षकै बच्चालाई पढाउने, लेखाउने र घोकाउने गरिएको पाइन्छ। यो राम्रो हुँदै होइन। अहिलेका बच्चाहरू पढ्न-लेख्न मन नगर्नुका कारण पनि सानैदेखि पढाइको बोझ थपिदिनुले हो।'

### ■ अझै मारमा छन् बालविकास तहका शिक्षक

बालविकास तहमा अध्ययन गराउने शिक्षकहरू मासिक १५ हजारभन्दा पनि कम तलब सुविधामा काम गरिरहेका छन्। तलबकै कारण अचेल सो तहका शिक्षकले जागिर छाड्ने क्रम बढेको छ। कतिपय विद्यालयले त शिक्षक पाउनसमेत छाडेका छन्। देशभरका सामुदायिक विद्यालयका बालविकास तहमा ३६ हजार ५९३ जना शिक्षक कार्यरत छन्। त्यसमा १० प्रतिशत पुरुष र ९० प्रतिशत महिला छन्। यो तहमा ६ लाखहाराहारी विद्यार्थी अध्ययनरत छन्। अन्याय र विभेद खेपिरहेको भन्दै बालविकास तहका शिक्षकले तलब सुविधा वृद्धिको माग गर्दै एक वर्षअघि काठमाडौंको माइतीघरमा आन्दोलन गरेका थिए। उनीहरूको मागप्रति सरकार लचिलो बनेको थियो। तर, माग भने अहिलेसम्म पूरा हुन सकेको छैन।

सरकारले जायज मागसमेत पूरा नगर्दा तल्ला तहमा शिक्षण सिकाइ कठिन भइरहेको नेपाल बालविकास शिक्षक केन्द्रीय संघर्ष समितिकी अध्यक्ष कृष्णाकुमारी थापामगरले बताइन्। यस तहको शिक्षण सिकाइ विधि माथिल्लोमा भन्दा कठिन हुने भए पनि शिक्षकहरूको तलब न्यून रहेको गुनासो गरिन्। 'हाम्रो माग सरकारले सुनेको छैन, पटक-पटक दबाब दिँदा पनि बालविकास तहका शिक्षकको कुरा नसुन्नु राम्रो होइन, अहिले १० हजार, १२ हजार र १५ हजारमा बाल विकासका शिक्षकले काम गरेको अवस्था छ,' उनले भनिन्।

## संक्षेप

### बिआरआई सम्झौतामा ऋण छैन : परराष्ट्रमन्त्री

**काठमाडौं**/ परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपाल सरकार र चीनबिच हालै सम्पन्न बिआरआई सम्झौतामा ऋण लिने भन्ने विषय कतै उल्लेख नभएको प्रस्टीकरण दिएकी छिन्। नेपाल र चीनबिच बुधबार हस्ताक्षर भएको सम्झौताबारे नेपालमा बुझ्दै नबुझी टीकाटिप्पणी भइरहेको उनको गुनासो छ।

इन्टरनेसनल कोर्ट अफ जस्टिस (आइसिजे)मा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सुनुवाइमा नेपालका तर्फबाट धारणा राख्न नेदरल्यान्ड्स प्रस्थान गर्नुअघि शनिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनले सहयोगमा आधारित परियोजना निर्माण गर्ने सम्झौता भएको बताइन्। 'हामीले बिआरआईअन्तर्गत सहयोगमा आधारित परियोजनामा हस्ताक्षर गरेका हौं, ऋण लिने भन्ने कुरा कतै उल्लेख छैन,' उनले भनिन्।

बिआरआई सम्झौताअनुसारका परियोजना दुवै देशको सहमतिबाट अघि बढाइने विषय स्पष्टसँग लेखिएको उल्लेख गर्दै परराष्ट्रमन्त्री राणाले नेपालको सहमतिअनुसार नै सम्झौता कार्यान्वयन हुने बताइन्। 'ऋण लिने भन्ने कुरा त लिने पक्षको मञ्जुरी र आग्रहमा हुने हो। हामीले लिँदैनौं, हामीलाई आवश्यक छैन भने दिने पक्षले पनि कहाँ जबर्जस्ती गर्छ ? त्यसैले सरकारले ऋण लिने गरी सम्झौतामा हस्ताक्षर गऱ्यो भन्नु बचपना मात्र हो,' उनले भनिन्। नेपालले चीनसँग बिआरआई सम्झौताअन्तर्गत अनुदानमा परियोजना निर्माण गर्ने गरी हस्ताक्षर गरेको र त्यो पनि सुरक्षा या अन्य कुनै विषयमा नभएर 'ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ्स'अन्तर्गत सहमति गरेको परराष्ट्रमन्त्री राणाको भनाइ थियो।

### तीन थान भरुवा बन्दुक र बारुदसहित एक प्रक्राउ

**रामेछाप**/ घरमा लुकाइछिपाइ राखेको तीन थान भरुवा बन्दुक र बारुदसहित रामेछापमा एक व्यक्ति पक्राउ परेका छन्। पक्राउ पर्नेमा खाँडादेवी गाउँपालिका- १ कुलेडाँडाका ५४ वर्षीय नन्दलाल श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी कौशल न्यौपानेले बताए। श्रेष्ठले घरमा लुकाइराखेको अवस्थामा एकनाले भरुवा बन्दुक तीन थान र बारुदजस्तो देखिने धुलो १२५ ग्राम बरामद गरिएको प्रहरीले जनाएको छ। विशेष सुराकीका आधारमा प्रहरीले बिहीबार श्रेष्ठको घरमा छापा मारेर हतियार र बारुद बरामद गरेको हो। उनीविरुद्ध हातहतियार तथा खरखजाना मुद्दा दर्ता गरी शुक्रबार रामेछाप जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी प्रहरी हिरासतमा राखी थप अनुसन्धान भइरहेको न्यौपानेले बताए।

### मोहन्याल गाउँपालिका- ३ का अध्यक्ष गिरीको निधन

**धनगढी**/ कैलालीको मोहन्याल गाउँपालिका- ३ का वडाध्यक्ष नन्दाराम गिरीको निधन भएको छ। बर्दगोरियाको दोदोधरा अस्पतालमा उपचारका क्रममा उनको शुक्रबार साँझ निधन भएको हो। ३६ वर्षीय गिरी दुई वर्षदेखि मुखको क्यान्सरबाट पीडित थिए। आफन्तका अनुसार उनी केही समयअघि काठमाडौंमा उपचार गराएर फर्किएका थिए। घरमा आराम गरिरहेका गिरीको स्वास्थ्य अवस्था बिग्रिएपछि दोदोधरा अस्पताल भर्ना गरिएको थियो। उनी ०७४ र ०७९ को चुनावमा कांग्रेसबाट वडाध्यक्षमा निर्वाचित भएका थिए। गिरीको शनिबार अन्तिम संस्कार गरिएको छ। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले वडाध्यक्षको गिरीको शवलाई पार्टीको झन्डा ओढाएर श्रद्धाञ्जली दिएका थिए। उनी कांग्रेस कैलालीका सदस्य थिए।

### रामकलेवासँगै विवाहपञ्चमी महोत्सव सम्पन्न

**जनकपुरधाम**/ रामकलेवासँगै जनकपुरधामको धार्मिक तथा ऐतिहासिक रामजानकी विवाहपञ्चमी महोत्सव शनिबार विधिवत् रूपमा सम्पन्न भएको छ। अयोध्याबाट आएका जन्तीलाई जानकी मन्दिरले मिथिला भोजन गराई तथा दक्षिणा प्रदान दिएर बिदाइ गरी रामकलेवा मनाइएको हो। रामकलेवासँगै सप्ताहव्यापी विवाह महोत्सव सम्पन्न भएको हो। जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले साधुसन्तलाई भोजन गराई दक्षिणाको कोसेलीको रकम केही रकम प्रदान गरी बिदाइ गरेका छन्। रामकलेवाको क्रममा साधुसन्तसहितको जन्तीहरू भोजन खाइरहेको समयमा मिथिलाका महिलाहरू लोकगीत गाएर जिस्काएका थिए। शुक्रबार राति सीतारामको प्रतीकात्मक रूपमा मिथिला परम्पराअनुसार जानकी मन्दिर परिसरमा विवाह भएको थियो भने दिउँसो स्वयम्वर गरिएको थियो।

■ कांग्रेस कोशी प्रदेशस्तरीय प्रथम सम्मेलन

# शेखरले गरे बहिष्कार, गुटउपगुट अन्त्य गर्ने देउवाको घोषणा

विराटनगरमा **गणेश लम्साल**





कांग्रेस कोशी प्रदेशस्तरीय प्रथम सम्मेलन शनिबार विराटनगरमा सुरु भएको छ। सम्मेलनको पार्टी सभापति शेरबहादुर देउवाले उद्घाटन गरे। आफ्नै गृहजिल्ला मोरङमा भएको सम्मेलनमा नेता डा. शेखर कोइराला सहभागी भएनन्।

कांग्रेस कोशी समितिले प्रदेश सम्मेलनको तयारी थालेपछि शेखर समूहले १८ मंसिरमै विराटनगरमा प्रदेशस्तरीय पालिका सभापतिहरूको भेला आयोजना गरेको थियो। भेलामा सबैले आगामी महाधिवेशनबाट कोइराला सभापति बन्ने संकल्प पारित गरेका थिए। स्वयं नेता कोइरालाले पनि १५औं महाधिवेशनपछि पार्टीमा गुटउपगुट अन्त्य हुने बताउँदै आफ्ना समर्थक कार्यकर्ताको संरक्षण गर्ने घोषणा गरेका थिए।

संस्थापन पक्षले गरेको कोशी प्रदेशस्तरीय प्रथम सम्मेलनमा नेता शेखर कोइराला मर्यादाक्रमको कारण देखाउँदै सहभागी नभएका हुन्। उनी शनिबार चितवन पुगेका थिए। सम्मेलनमा कोइराला पक्षका नेताहरू डा. मीनेन्द्र रिजाल, गुरुराज घिमिरे पनि उपस्थित भएनन्। कोइराला पक्षका केन्द्रीय सदस्य सरिता प्रसाईं, कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्की, सांसद डा. सुनील शर्मा, विराटनगर महानगरका सभापति दीपक चापागाईंलगायत भने सहभागी थिए।

कांग्रेस सभापति देउवाले चीन भ्रमण आफूहरूको चाहनाअनुसार सफल बनाएकोमा प्रधानमन्त्री केपी ओलीलाई बधाई दिए। तल्लो तह बलियो भए मात्र पार्टी र लोकतन्त्र बलियो हुने भन्दै देउवाले एक भएर संगठन बलियो बनाउन निर्देशन दिए। उनले पार्टी बलियो बनाउन स्थानीय तहदेखि नै विवाद र गुटउपगुट अन्त्य हुन र समयमै विधानको कार्यान्वयन हुन आवश्यक भएको बताए। उनले ग्रासरुट बलियो नभएको पार्टी कहिल्यै बलियो हुन नसक्ने पनि बताए।

उपसभापति पूर्णबहादुर खड्काले पार्टी सम्मेलनमा सहभागी नहुने, तर सडक-सडकमा कुरा काट्दै हिँड्दा पार्टी र नेता दुवै बलियो हुन नसक्ने बताए। कांग्रेस महामन्त्री गगन थापाले उत्तेजना ल्याएर मात्र संविधान संशोधन हुन नसक्ने बताए। उनले नयाँ र पुरानो संविधानको प्रतिफलको बृहत् समीक्षा गर्दै गणतन्त्र, संघीयता र समानुपातिक रक्षाका लागि आवश्यक विषयमा संविधान संशोधन गर्ने कांग्रेसले तयारी गरिरहेको बताए।

### शान्ति प्रक्रिया टुंग्याउन राष्ट्रिय सहमति आवश्यक : प्रचण्ड

**काठमाडौं**/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शान्ति प्रक्रिया पूरा गर्न राष्ट्रिय सहमति आवश्यक रहेको बताएका छन्। विगतमा शान्ति प्रक्रिया बहुमतबाट टुंगोमा पुऱ्याउन दायाँ र बायाँ कोणबाट प्रस्ताव आए पनि आफूले सहमतिमै जोड दिएको उनको भनाइ छ।

एकीकृत अखिल नेपाल शिक्षक संगठन र नेपाल शिक्षक समाजबिच एकता घोषणा समारोह तथा प्रथम राष्ट्रिय परिषद् बैठकलाई शनिबार राजधानीमा सम्बोधन गर्दै प्रचण्डले केही ढिलो भए पनि राष्ट्रिय सहमतिबाटै शान्ति प्रक्रियाको बाँकी काम पूरा हुने दाबी गरे। 'एकथरी शक्तिमा शान्ति प्रक्रियाको विषय माओवादी र कांग्रेसको मात्रै समस्या जस्तो देखाउने प्रवृत्तिले देखिएको थियो। यसलाई राष्ट्रिय सहमतिबाटै टुंगोमा पुऱ्याउनुपर्ने आवश्यकता अहिले सबैले बुझ्दै गएका छन्। शान्ति प्रक्रियाको काम अहिले अन्तिम चरणमा पुगेको छ,' उनले भने।


प्रचण्डले वामपन्थी एकताको विकल्प नभएको पनि बताए। विभिन्न दलहरूसँग एकता वार्ता चलिरहेको भन्दै उनले सबैको साझा निष्कर्ष एकतामै रहेको जानकारी दिए। उनले नेपालको राजनीति आन्दोलनमा जागरण पैदा गर्न शिक्षकहरूको ऐतिहासिक भूमिका रहँदै आएको स्मरण पनि गरे। शिक्षक पृष्ठभूमिका धेरै नेताले सरकारको नेतृत्व गरे पनि शैक्षिक सुधारमा अपेक्षित परिणाम नदेखिनु दुःखद रहेको उनले बताए। आफू प्रधानमन्त्री भएको बेला निकै जोडबल गरेर शिक्षा विधेयक संसद्मा पुऱ्याएको उनले स्मरण गरे।

■ पत्रकार महासंघको २७औं महाधिवेशन

# प्रेस चौतारी-प्रेस युनियनकी शर्मा र विपक्षी गठबन्धनका विष्टबिच प्रतिस्पर्धा हुने

**काठमाडौं**/ नेपाल पत्रकार महांघको आगामी २८ मंसिरमा हुने महाधिवेशनमा चारजना अध्यक्षका उम्मेदवार भएका छन्। अध्यक्षमा उम्मेदवारी दिनेमा निर्मला शर्मा, रमेश विष्ट, देवीप्रसाद सापकोटा र लालसिंह लामा छन्। तर अध्यक्षमा शर्मा र विष्टबिच प्रतिस्पर्धा हुने निश्चित भएको छ। शर्मा प्रेस चौतारी र नेपाल प्रेस युनियनका उम्मेदवार हुन्। विष्ट प्रेस युनियनबाट विद्रोही उम्मेदवार हुन्।





निर्मला शर्मा



रमेश विष्ट

महासंघको यसपटकको महाधिवेशनमा चौतारी र युनियनबिच 'अलाइन्स' भएको छ। जसमा चौतारीले अध्यक्षसहित महिला उपाध्यक्ष, समावेशी सचिव, कोषाध्यक्षसहित २२ पदाधिकारीमा उम्मेदवार उठाएको छ भने युनियनले वरिष्ठ उपाध्यक्ष, महासचिव, खुला सचिव, मधेसी सचिवसहित २८ पदाधिकारीमा उम्मेदवार उठाएको छ।

तर, विद्रोही उम्मेदवार विष्टलाई प्रेस सेन्टर, समाजवादी प्रेस संगठनसहितको ६ संगठनले समर्थन गरेपछि दुईबिचको प्रतिस्पर्धा रोचक बन्न पुगेको हो। अध्यक्षका उम्मेदवार विष्टले भने, 'मैले महासंघको केन्द्रीय कार्यसमितिमा रहेर १३ वर्ष बिताएँ। यसक्रममा श्रमजीवी पत्रकारको पक्षमा डटेर लागियो। अब पनि डटेर लाग्ने योजनासहित उम्मेदवार बनेको छु। आशा छ, मुलुकभरका पत्रकार साथीहरूको मलाई साथ रहनेछ।'

१६ चैत ०१२ मा स्थापना भएको महासंघले हालसम्म २६ अध्यक्ष पाइसकेको छ। तर, हालसम्म महासंघको नेतृत्वमा महिला पुग्न सकेका छैनन्। शर्मा यसपटक महासंघको नेतृत्वमा पुगेर इतिहास बनाउने तयारीमा छिन्। अघिल्लो महाधिवेशनमा पनि अध्यक्षको उम्मेदवार बनेकी शर्माले भनिन्, 'महासंघ स्थापना भएको ६९ वर्ष बित्यो। यसबिचमा २६ वटा महाधिवेशन भए, सबै अध्यक्ष पुरुष छानिए। यसपटकको महाधिवेशनले नयाँ इतिहास रच्नेछ। नेतृत्वमा महिला अध्यक्ष पुग्नेछ। श्रमजीवी पत्रकारका मुद्दा समेट्नुपर्ने दायित्व हुने नै भयो। आशा छ यसपटक म सफल हुनेछु।'

विष्ट यसअघि महासंघमा वरिष्ट उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र कार्यसमिमि सदस्य थिए। सञ्चारिका समूहकी पूर्वअध्यक्ष शर्मा भने अघिल्लो महाधिवेशनमा युनियनकै उम्मेदवार विपुल पोखरेलसँग अध्यक्षमा पराजित भएकी थिइन्।


UAE मा बैदेशिक रोजगारको अवसर

फ्रि भिषा/टिकट

Company: **Abela & Co. LLC,** UAE

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ Lt No.: 315000 चलानी नं.: ६०२२९३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Captain | 10 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ८०,८४४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steward | 50 | 0 | | 800 | २९,४१६ | | | | | | | |
| 3 | Assistant Cook | 23 | 0 | | 1300 | ४७,८०१ | | | | | | | |
| 4 | Waiteress | 0 | 30 | | 1600 | ५८,८३२ | | | | | | | |
| 5 | F & B Supervisor | 5 | 0 | | 2000 | ७३,५४० | | | | | | | |
| 6 | Commi Chef | 15 | 0 | | 1500 | ५५,१५५ | | | | | | | |
| 7 | Commis Waitress | 20 | 0 | | 1400 | ५१,४७८ | | | | | | | |
| 8 | Waiter (Male) | 30 | 0 | | 1400 | ५१,४७८ | | | | | | | |
| 9 | CDP | 5 | 0 | | 2000 | ७३,५४० | | | | | | | |
| 10 | Storekeeper (Male) | 5 | 0 | | 2000 | ७३,५४० | | | | | | | |

**Pre- interview :**
Nepalgunj : 8 & 9 December, Chakati party palace, Nepalgunj- 18, Banke
Butwal : 10 December, Siddhartha Foodland Milan chowk-1, Butwal
Itahari : 11 December, Khukuri hotel, Itahari -6, Sunsari
Birtamod : 12 & 13 December, CP hotel Birtamod-1, Jhapa
Pokhara : 15 December, Midtown hotel Pokhara -8, Kaski

अन्तरवार्ताको लागि सम्पर्क : ९८०१९२६८४२

**Final interview : 17 & 18 Dec. Kathmandu, Anupam party palace, Gausala**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टयाम्पीङ खर्च कसले व्यहोर्ने | अभिमुखिकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने कम्पनीको विवेकाधिन | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार आफैले | रु ७०० कामदार ले तिर्ने | रु १५०० कामदार ले तिर्ने | विशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होलान्। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोलान्। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोलान्। आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होलान्। ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोलान्। सोको १ (एक) प्रति आफ्नसँग राख्नुहोलान्। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहचलमा सम्पर्क गर्नुहोलान्।

कोड इन्टरनेशनल सर्भिसेज प्रा.लि.
डल्लु चौतारा, काठमाडौं, फोन : ०१-५९१२८४३, ५९१२८४४
Email : admin@codehrnepal.com, info@codenepal.com.np
Web : www.codenepal.com.np
ISO 9001 : 2008 Certified Company
Lic. No. 660/063/064

# उपनिर्वाचनको परिणाम र माओवादीको 'कमब्याक'

## माओवादीले एक्लै चुनाव लड्न सक्दैन भन्नेहरूको आरोपलाई यसपालिको उपनिर्वाचनको नतिजाले खारेज गरिदिएको छ



● सञ्जीव कार्की

अग्रलेख

यही १६ मंसिरमा सम्पन्न भएको स्थानीय निकायको उपनिर्वाचनले परम्परागत र वैकल्पिक भनिएका दुवैथरी दललाई स्पष्ट र बुझिने सन्देश दिएको छ। उपनिर्वाचनलाई जनमत परीक्षणको आँखीझ्याल र भावी राजनीतिको दिशानिर्देश गर्ने अवसरका रूपमा लिइन्छ। उपचुनावको राजनीतिक दलहरूका लागि विशेष महत्त्व रहेको हुन्छ। आफ्नो मूल्यांकन, समीक्षा र वस्तुनिष्ठ अवस्था बोधबारे उपनिर्वाचनले जानकारी दिन्छ। शक्ति परीक्षणका मौकाका रूपमा लिइने यस्ता उपनिर्वाचनले राजनीतिक दललाई आफ्नो शक्तिको ऐना पनि देखाइदिन्छ।

यसपटकको उपनिर्वाचन परिणाममार्फत उचित, भरपर्दो, विश्वासिलो र भविष्य सुनिश्चित गर्ने नेता, नीति र नेतृत्व नपाएसम्म जनताले पुरानामध्येका तीन दल कांग्रेस, एमाले र माओवादी केन्द्रलाई नै आलोपालो र आफूअनुकूल मतदान गरेर आवधिक रूपमा आफ्नो भाग्य र भविष्य सुम्पने संकेत दिएका छन्। जनता परिवर्तनका आकांक्षी भए पनि उनीहरू पत्रु विकल्प होइन, उन्नत राजनीतिक सोच र शैलीको सुसंस्कृतिक विकल्प चाहन्छन्। जसको पुष्टि जनताले दलहरूले जित्दै आएका आआफ्ना किल्ला भनिएका ठाउँमा अर्को-अर्को दललाई मतदान गरेर जिताएबाट प्रस्ट हुन्छ।

मुस्किलले एक-दुई ठाउँ जित्नुलाई संयोग मानिन्छ। देशैभर जनअभिमत वृद्धि गर्नुलाई शक्ति आर्जन र शक्तिको पुनरावृत्तिका रूपमा लिन सकिन्छ। माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले भनेझैं 'माओवादीले एक्लै चुनाव लड्न सक्दैन भन्नेहरूको आरोपलाई यसपालिको नतिजाले खारेज गरिदिएको छ।' यसपटकको स्थानीय चुनावमा माओवादीले आफ्नो हैसियत बढाएर माओवादी अब एक्लै चुनाव लड्न सक्दैन भन्ने कांग्रेस, एमालेको बुझाइलाई थोरै भए पनि 'काउन्टर' दिएको छ। मतपरिणामले माओवादी नेता-कार्यकर्तामा स्वाभिमान उठेको र आत्मबल बढाएको देखिन्छ।

देशभर स्थानीय निकाय ७५३ र जनप्रतिनिधि ३५ हजार २२१ छन्। उपनिर्वाचन तीमध्ये जम्मा ४४ स्थानमा मात्र भएको हो। तसर्थ यो उल्लेख्य संख्या होइन। यद्यपि, उपनिर्वाचनले राजनीतिक पार्टीको जनमत कता जाँदै छ, कसको प्रभाव फराकिलो बन्दै छ र कुन पार्टीको जनमत संकुचनमा धकेलिँदै छ भन्ने विषयमा विचार-विमर्श र आत्मसमीक्षा गर्ने अवसर प्रदान गर्छ।

**वैकल्पिक शक्तिको दाबी र स्थिति :** विषय जनअभिमतको समग्र स्थिति के हो भन्ने हो। थोरै ठाउँमा प्राविधिक रूपमा चुनाव जित्नु या हार्नु ठुलो विषय होइन। पुराना दल सुध्रिन नयाँ दलले हिर्काउनैपर्थ्यो। नयाँ दलको प्रहारले पुराना कि सिद्धिन्थे कि सुध्रिन्थे। आमअपेक्षा नयाँ दलले दुई-चार बाघे झ्यापु लगाउनु भन्ने नै थियो। बाघे झ्यापु लाउन उच्च नैतिक धरातल (पुरानोको भन्दा ज्यादा नैतिक जिम्मेवारी र जवाफदेहिता), काम गर्ने ढंग र जनविश्वास आवश्यक हुने रहेछ, जुन नयाँ भनिएकाहरूमा देखिएन। त्यसैले, रास्वपा, जनमत र नागरिक उन्मुक्ति पार्टी देशको नेतृत्व हाम्रो हो भन्ने दाबा गर्ने स्थितिबाट प्रतिरक्षात्मक स्थितिमा पुगेका छन्।

०८४ को निर्वाचनलाई लक्षित गरी आफ्नो बहुमतको मिसन सार्वजनिक गरेको रास्वपाले निर्वाचन भएका ४२ मध्ये १६ स्थानमा 'वाकओभर' दिएर आफ्नो हैसियत चुनावअघि नै प्रदर्शन गऱ्यो। एक ठाउँमा जितबाहेक अन्यत्र प्रभावशाली उपस्थिति कहीं कतै देखाउन सकेन। उसले सम्मानजनक मत कतै पाएन। नेपालको राजनीतिक भूमि कम्युनिस्टहरूका लागि मलिलो र उर्वर भएजस्तै वर्तमान स्थितिमा वैकल्पिक राजनीतिक शक्तिका लागि पनि नेपालको राजनीतिक मैदान फराकिलो र ऊर्जायुक्त नै छ। तर, कैयौं चिरामा विभक्त कम्युनिस्टले आफ्नो ल्याकत देखाउन सकेनन्, त्यो बेग्लै प्रसंग हो।

रास्वपा, जनमत र नागरिक उन्मुक्तिलगायत वैकल्पिक शक्तिले आफ्नो ल्याकत देखाउन नसक्दा आउने परिणाममा चामत्कारिक र आकस्मिक उदय हुने कुनै शक्तिबाहेक करिब-करिब तीन दल कांग्रेस, एमाले र माओवादी अलिकति यताउता या तलमाथिबाहेक अन्यथा हुने देखिन्न। २०७९ को स्थानीय चुनावमा काठमाडौंबाट बालेन शाह, धरानबाट हर्क साङपाङ र धनगढीबाट गोपी हमालको जस्तो स्थिति बने फरक कुरा हो, यसबिच नयाँ पार्टी बनेर प्रभाव विस्तार गरे अर्को कुरा हो, नत्र सम्भावित परिणाम उलटपुलट हुने संकेत देखिन्न।

**स्थानीय निर्वाचन ०७९ र उपनिर्वाचन ०८१ को तुलना :** उपनिर्वाचन भएका ४२ स्थानमा कांग्रेसले यसपटक कुल ४४ हजार ५५७ मत ल्याएको देखिन्छ। यो ०७९ को निर्वाचनमा उसले प्राप्त गरेको मतको तुलनामा ११ हजार ३११ मत कम हो। समग्र मत घटे पनि कांग्रेसको मत २१ स्थानमा बढेको र २१ स्थानमा घटेको देखिन्छ। यस उपनिर्वाचनमा माओवादीले कुल ३५ हजार ६९९ मत ल्याएको छ। यो २०७९




सालको निर्वाचनमा सो पार्टीले प्राप्त गरेको मतको तुलनामा १० हजार २५४ मत बढी हो। माओवादीले उम्मेदवारी दिएकामध्ये २२ स्थानमा मत बढाएको र १९ स्थानमा गुमाएको देखिन्छ। समग्र परिणामले माओवादीको मनोबल उकासिएको देखिन्छ।

आफ्नो सुशासन, समृद्धि र समाजवादको नारालाई मतदाताले पुनः अनुमोदन गर्ने संकेतका रूपमा उसले अर्थ्याएको छ।

> उपनिर्वाचनमा आलोपालो गरी पुराना दल जनताको रोजाइमा परे पनि यो केवल झिनो संकेत मात्र हो। दलहरू सुध्रिनुपर्ने एक ठाउँमा मात्र होइन, सर्वत्र छ। आफ्नो सिद्धान्त, निष्ठा र इमानमा दलहरू खरो उत्रन नसकेको खण्डमा भोलिका दिनमा परिणाम जे पनि आउन सक्छ।

एमालेले यसपटक कुल ३८ हजार ९९८ मत ल्याएको देखिन्छ। यो ०७९ को निर्वाचनमा एमालेले प्राप्त गरेको मतको तुलनामा एक हजार ४०८ कम हो। समग्र मत घटे पनि एमालेको मत २२ स्थानमा बढेको र १९ स्थानमा घटेको तथ्यांकले देखाउँछ। जसपाले दुई, नेकपा एसले एक, रास्वपाले एक र स्वतन्त्र उम्मेदवारले एक स्थान जिते पनि राप्रपा र जनमत पार्टीलाई भने उपनिर्वाचन परिणामले सुखद सन्देश दिएन। राप्रपा कुनै पनि स्थानमा प्रतिस्पर्धामै आउन सकेन। मधेशमा जबर्जस्त उपस्थिति देखाएको जनमत पार्टीले कुनै पनि स्थानमा जित हासिल गर्न नसक्नुले उसको भविष्य यसै होला भन्न सकिने अवस्था देखिन्न।

माओवादीले कांग्रेस र एमालेले भन्दा तुलनात्मक रूपमा आफ्नो मत वृद्धि गरेको छ। कांग्रेस र एमाले विगतमा भन्दा मतमा घाटामा गएका छन्। माओवादी १० हजार २५४ मत थप्न सफल भएको छ।

माओवादी गणतन्त्र र धर्मनिरपेक्षता स्थापनार्थ सबैभन्दा बढी लडेको, रगत बगाएको र जोखिम मोलेको दल हो। माओवादी अध्यक्ष प्रचण्ड एक्लै कम्युनिस्ट नेतृत्व गरेका र जनयुद्धको रथ हाँकेर व्यवस्था पल्टाउने कमान्डर हुन्। गणतन्त्रका लागि सबैभन्दा धेरै जोखिम मोलेर युद्ध गर्ने तर गणतान्त्रिक व्यवस्था परिवर्तनको जस नपाएको दल माओवादी र नेता प्रचण्ड नै हुन्। प्रचण्ड राजनीति र सत्ताको मामलामा चञ्चल स्वभावका मानिन्छ र यसमा सत्यता छ। तर, प्रचण्डलाई चञ्चल बनाउन 'ग्राउन्ड' तयार गरिदिने दलहरू पनि दोषमुक्त छैनन्।

**माओवादीको तागत :** माओवादीसँग जनयुद्धका क्रममा दुःख पाएका, परिवार र आफन्त गुमाएका, १० वर्ष कठिन संघर्ष गरेका नेता-कार्यकर्ताको ठुलो समूह र तिनका परिवार देशभर छन्। तिनले माओवादीबाहेक अन्यत्र भोट हाल्दैनन्। माओवादी नेता-कार्यकर्तालाई अरूले हियाएको इख पनि थियो। विगतमा फुटेर गएका माओवादी नेता-कार्यकर्ता पनि माओवादीले चुनाव जित्दा र माओवादी शक्तिशाली हुँदा मात्र आफूलाई सुरक्षित महसुस गर्ने स्थितिमा थिए, जसका कारण पनि माओवादीको भोट बढ्यो।

माओवादीका जनवर्गीय संगठनहरू देशभर क्रियाशील छन्। राजनीतिक पार्टीका लागि यस्ता संगठन मेरुदण्ड नै हुन्। माओवादीलाई यसपटक आफ्नो ल्याकत आफ्नै खुट्टामा टेकेर जाँच्नु पनि थियो, जसका लागि प्रचण्डले जनयुद्धकालीन आँट र ऊर्जा प्रयोग गरे र पार्टी एमालेभन्दा पनि ठुलो हुन पुग्यो। वर्तमान केपी ओलीको गठबन्धन सरकारको असफलता, अकर्मण्य स्थिति र जनतालाई कुनै विशेष सन्देश दिन नसकेको परिस्थिति पनि नेकपा माओवादीका लागि आफ्नो औचित्य स्थापित गरी जनतामा जान अत्यन्तै सहयोगी बन्यो। तथापि, माओवादी कमब्याक हुने पूर्वावस्थामा आउने विषय हाललाई संकेतका रूपमा मात्र मान्न सकिन्छ, निर्णायक फैसला त जनताले आगामी दिनमा गर्नेछन्।

**सत्ता सञ्चालन प्रभावकारी :** माओवादी प्रचण्ड ०६४ मा ठुलो शक्ति भएर आउँदा सत्ता सम्हाल्न नजानेका र चुकेके हुन्। तर, पछि माओवादीले राज्य सञ्चालनका तौरतरिका सिक्दै र अनुभव गर्दै गयो। फलस्वरूप अस्थिरको आरोप लागे पनि ०७९ पछि एमाले, कांग्रेस र फेरि एमालेसँगको सत्ता सहकार्य माओवादीका लागि तुलनात्मक रूपमा फलदायी रह्यो।

आर्थिक घोटालाका कुनै ठुला काण्ड घटेनन्, नीतिगत भ्रष्टचारका कुरा बाहिर आएनन्। बरु आफ्नै नेता कृष्णबहादुर महरासहित एमालेका टोपबहादुर रायमाझी, कांग्रेसका बालकृष्ण खाँडलगायत अन्य शक्तिशाली नेता र व्यक्तिहरू भ्रष्टाचार र बेथितिको आरोपमा समातिए, जसले प्रचण्ड नेतृत्वको सरकारलाई जनतामाझ भ्रष्टचारविरोधी देखाउन सहयोग पुग्यो। जनताले एकपटक माओवादीलाई पुनः आशाको नजरले हेरे र त्यसैको परिणाम अहिलेको स्थानीय निकायको उपनिर्वाचनमा माओवादीलाई नाफा हुने गरी सत्ताको नेतृत्व गरेको एमालेलाई पछि पार्ने जनसमर्थन प्राप्त भयो।

उपनिर्वाचनमा आलोपालो गरेर पुराना दल जनताको रोजाइमा परे पनि यो केवल झिनो संकेत मात्र हो। दलहरू सुध्रिनुपर्ने एक ठाउँमा मात्र होइन, सर्वत्र छ। आफ्नो सिद्धान्त, निष्ठा र इमानमा दलहरू खरो उत्रन नसकेको खण्डमा भोलिका दिनमा परिणाम जे पनि आउन सक्छ। माओवादी केन्द्रको शक्तिको बढोत्तरी खास परिस्थितिको खास विश्लेषण मात्र हुन पनि सक्छ।

माओवादीले आफूलाई बदलेर गर्नुपर्ने थुप्रै काम बाँकी छन्। माओवादी पुनः शक्तिशाली भएर सत्तामा कमब्याक हुन सामान्य प्रयत्न र निष्ठाले पुग्दैन। आफूभित्रको मैलो धुन सक्यो भने माओवादीको कमब्याक शक्ति सन्तुलन र बहुआयामिक यथार्थ बन्नेछ। माओवादीभित्रको अनेकता जनवर्गीय संगठनभित्रको अन्योल, अखिल क्रान्तिकारीजस्तो आफ्नो नर्सरीमा मौलाएको फंगस आदिको विहंगम विश्लेषण गरी पार्टीको आवश्यक पुनर्संरचना गर्न सक्दा र जनतासँग बढेको दूरी घटाउन सक्दा माओवादीको भविष्य 'रेडजोन' मुक्त भएर 'ग्रिन जोन'मा पर्दापण गर्ने सम्भावना देखिन्छ।

## ३ प्रश्न

सत्य निरूपण तथा मेलमिलाप आयोगका पूर्वअध्यक्ष **गणेशदत्त भट्टलाई**



**सत्य निरूपण तथा मेलमिलाप आयोगका पदाधिकारी चयनमा किन ढिलाइ भइरहेको होला ?**

राज्य सञ्चालक र मुख्य दलहरू द्वन्द्वपीडितका पीडाप्रति संवेदनशील नहुनुको परिणाम हो यो ढिलाइ। जबसम्म राज्य सञ्चालक र मुख्य दलहरू द्वन्द्वपीडितका पीडाप्रति जिम्मेवार बन्दैनन्, तबसम्म राजनीतिक जोडघटाउ चलिरहन्छ र यस्तो ढिलाइ भइरहन्छ।

**यस्तो ढिलाइले पीडितको न्यायप्राप्तिमा असर पर्दैन ?**

विधिशास्त्रीय मान्यताअनुसार ढिलो न्याय दिनु भनेको न्याय नदिनुबराबर हो। आयोगसम्बन्धी ऐन आएकै पनि १० वर्ष भइसक्यो। १४ चैत, २०७१ मा सर्वोच्च अदालतले ऐन संशोधन गर्न आदेश दियो। ढिलै भए पनि अहिले ऐन संशोधन पनि भइसक्यो। अब विश्वसनीय आयोग बनाउन, आयोगलाई साधनस्रोत सम्पन्न बनाउन र द्वन्द्वपीडितले पाउने न्यायमा ढिलाइ हुनुपर्ने कारण छैन। यस्तो ढिलाइले मुख्यगरी पीडितको न्यायप्राप्तिको आशामाथि कुठाराघात हुनसक्छ। न्यायप्रतिको उनीहरूको विश्वास खण्डित हुन सक्छ। तर, राज्य सञ्चालकहरूले यसतर्फ ध्यान दिएको देखिन्न।

**आयोगका तर्फबाट अब गर्न बाँकी केके छ ?**

आयोगमा करिब ६४ हजार उजुरी दर्ता भएका छन्। ऐनअनुसार फेरि पनि छुटफुट उजुरी दर्ता गर्न सकिने प्रावधान छ। दर्ता भएकामध्ये केहीको प्रारम्भिक अनुसन्धान सकिएको छ। कतिपयलाई तामेलीमा राखिएको छ। कतिपयमा परिपूरणको आदेश भई कार्यान्वयनसमेत भइसकेको छ। कतिपयमा परिपूरणको आदेश भए पनि गृह मन्त्रालयमा अड्किरहेको अवस्था छ। अब ऐन संशोधन भइसकेको र यस संशोधनलाई सरोकारवाला लगभग सबैले र अन्तर्राष्ट्रिय जगत्ले समेत स्वागत गरिसकेको हुनाले तत्काल द्वन्द्वपीडितलाई समेत विश्वासमा लिएर विश्वसनीय आयोग बनाउनुपर्छ। आयोगका पदाधिकारी पीडकमैत्री नभई पीडितमैत्री हुनुपर्छ। समयमै आयोग बन्यो भने अबका पाँच-सात वर्षमा सत्य निरूपण तथा मेलमिलापको बाँकी कामले पूर्णता पाउन सक्छ।

## प्रेरक प्रसंग

# प्रलयको कारण

एकपटक एक गुरुसित उनका एक शिष्यले प्रश्न गरे- गुरुदेव ! प्रलय निकै शक्तिशाली हुन्छ रे ! प्रलयमा सारा संसार ध्वस्त पार्न सक्ने शक्ति हुन्छ रे ! के हजुर बताउन सक्नुहुन्छ कि यो प्रलय भनेको के हो र यो कस्तो हुन्छ ? आफ्ना छात्रको प्रश्न सुनेर केही गम्भीर हुँदै गुरुले जवाफ दिए- हो, तिमीले ठिक सुन्यौ। प्रलय साँच्चै शक्तिशाली हुन्छ। हेर्रौं, तिम्रा साथीहरू यस विषयमा के भन्छन् ? उनीहरूलाई यसबारे थाहा छ या छैन। त्यसपछि गुरुले बाँकी शिष्यसित यही प्रश्न सोधे। एक शिष्यले जवाफ दिए- गुरुदेव ! मेरो विचारमा भगवान्प्रति मानिसले गरेको अपराध नै प्रलयको मुख्य कारण हो। अर्का शिष्यले भने- जब मानिसको अत्याचार धर्तीले झेल्न सक्दैन, तब भगवान्ले प्रलयको माध्यमबाट यस धर्तीको बोझ हटाउने गर्छन्। तेस्रो शिष्यले भने- कमजोर मान्छेको आँसुको एक-एक थोपा नै प्रलयको वास्तविक कारण हो।



गुरुले पालैपालो सबै शिष्यको विचार सुने। सबैको विचार सुनिसकेपछि उनले भने- कमजोर मानिसको आँखाबाट बग्ने आँसु नै प्रलयको मुख्य कारण हो भन्ने विचार सही हो। त्यसैले, हामीले कुनै पनि कमजोर मानिसको दुःखलाई हटाउन सक्दैनौं भने कुनै हालतमा उनीहरूलाई दुःख पनि दिनुहुँदैन। असहाय मानिस यति निरीह हुन्छ कि ऊ अर्कालेदिएको कष्ट सहन मात्र सक्छ, तर कुनै प्रतिक्रिया जनाएर त्यसको विरोध गर्न सक्दैन। उसको मुखबाट विरोधमा एक शब्द पनि निस्कन मुस्किल पर्छ। त्यसैले, उसको निरीहता मुखबाट होइन, आँखाबाट आँसुको माध्यमबाट निस्कने गर्छ। गरिबमाथि दया गर्ने भने भगवान्ले हामीलाई पनि दया गर्छन्। तर, हामी यो सबै जान्दाजान्दै पनि गरिबको पीडाप्रति ध्यान दिँदैनौं। उल्टै उनीहरूलाई सताउने काम गरेर प्रलयलाई निम्तो दिइरहेका हुन्छौं।

## टिप्पणी

nayapatrikaofficial
@naya_patrika

# कर्मचारी सचेत बनून्

दुई वाइडबडी खरिदमा एक अर्ब ४७ करोडको भ्रष्टाचार मुद्दामा तत्कालीन विभागीय मन्त्रीले सफाइ पाएको र कर्मचारीचाहिँ दोषी ठहर भएको समाचार पढियो। यस घटनाबाट पनि नेपालको कर्मचारी प्रशासनले सोचेन भने यो देशका भ्रष्टाचारीजति सबै कर्मचारी मात्र साबित हुनेछन्। किनकि, उनीहरू राजनीतिक नेतृत्वले अह्राएको गर्न बाध्य छन्। अनि, अराउने राजनीतिक नेतृत्व जहिल्यै चोखो र आदेश पालन गर्ने कर्मचारी जहिल्यै भ्रष्टाचारी साबित हुने अवस्था आउनेछ। त्यसैले, यस्ता कुनै पनि अनियमितताका साक्षी बस्ने या सरिक भएर राजनीतिक नेतृत्वलाई सघाउने काममा कर्मचारी प्रशासन सरिक नहोस्। समयमै बुद्धि पलाएन भने कर्मचारीहरू भविष्यमा पनि भ्रष्टाचारी साबित भई नै रहनेछन्।

● **भूमिका पासवान**, गैरीधारा, काठमाडौं

# सडक भत्काउने जात्रा कहिलेसम्म ?

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) र विद्युत् प्राधिकरणले अनेक बहानामा एउटै सडक पटक-पटक खनेर जात्रा देखाइरहेका छन्। एकैपटक हुन सक्ने कामलाई पनि पटक-पटक लगाएर गर्ने र पटक-पटक सडक भत्काउने काम गरिरहेका छन्, केयुकेएल र प्राधिकरणले। के प्राधिकरण र केयुकेएलको नेतृत्वलाई यसबारे केही थाहा छैन हो ? नत्र जनतालाई दुःख दिन यस्तो काम किन गरिन्छ ? यसबारे समयमै सोचौं।

● **सुमना विक**
लोलाड हाइट, काठमाडौं

# ठुलाले जे गरे पनि हुने हो ?

दमक भ्यु टावरको नक्सा पाससम्म गरिएको रहेनछ। हामीजस्ता सर्वसाधारणले नक्सा पास नगरी घर बनाउन पाउँछौं कि पाउँदैनौं सरकार ? हामीले पाउँदैनौं भने सरकारले चाहिँ कसरी पाउँछ। सरकारी खर्चमा बनेको टावर निजी क्षेत्रलाई सञ्चालन गर्न दिने गरी विकास समिति बनाउने तयारी गरेको सुनिएको छ। निजी क्षेत्रलाई पोस्न सरकारले यसरी नक्सा पास गर्ने औपचारिकता पूरा नगरी भ्यु टावर ठड्याएको हो ?

● **गोविन्द शाक्य**
सतुंगल, काठमाडौं

# दोहोरो मापदण्ड किन ?

नेपालमा कहलिएका कानुनविद् र न्यायालयबाट अवकाश प्राप्त न्यायाधीशको एउटा छुटै संस्था छ, नेपाल कानुन समाज। कानुनको प्रयोग र दुरुपयोगबारे वेलावेलामा सो समाजले आफ्ना धारणा सार्वजनिक गर्ने गर्छ। जसलाई कानुन कार्यान्वयन गर्ने निकायले मार्गदर्शनका रूपमा लिन्छन्। अहिले सहकारी ठगीसम्बन्धी समान प्रकृतिको मुद्दामा नेपाल प्रहरीले असमान व्यवहार गरिरहेको विषयमा पनि यो समाजले बोल्नुपर्ने वेला आएको छ। प्रहरीले यसरी असमान व्यवहार गर्दा कानुनको प्रयोगमा विचलन मात्र होइन, ठुलो प्रश्न पनि उठेको छ।

सहकारी ठगीको अभियोगमा रास्वपाका सभापति तथा सांसद रवि लामिछानेलाई पक्राउ गरी विभिन्न जिल्ला घुमाएर सरकारी वकिल कार्यालयमा बयान गराउने काम भइरहेको छ। तर, उस्तै कसुरका आरोपी अर्का सांसद धनराज गुरुङलाई भने नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान विभागमा मात्र बयान गराउनुले कानुन प्रयोगमा प्रहरी या सरकारको दोहोरो मापदण्ड देखिन्छ।

यसले एउटै देशमा दुइटा कानुन त छैन भन्ने प्रश्न उठाएको छ। साथै, कानुनले पनि व्यक्ति, पहुँच र दल हेरेर निर्णय गर्दो रहेछ भन्ने गलत सन्देश गएको छ। एकातिर नेपालमा कानुनी शासन छ, कानुनका अगाडि सबै समान छन्, सबै नागरिकलाई कानुनको प्रयोगमा भेदभाव हुँदैन भन्ने तर त्यहींनेर ठिक उल्टो व्यवहार गर्ने काम किन भइरहेको छ ? राज्यले व्यक्ति र शक्ति हेरेर व्यवहार गरिरहेको छ। के, यसबारे नेपाल कानुन समाजको वरिष्ठा कानुनविद् तथा पूर्वन्यायमूर्तिहरूले बोल्नुपर्ने होइन र ?

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# हिन्दुत्वकालमा मुसलमान शरीर

## हिन्दु राष्ट्रवादका संरक्षकले केही लक्षण र विशेषताको बिल्ला भिराइरहँदा भारतीय मुसलमानले शरीरले कहिल्यै व्यक्तिगत पहिचान बनाउन सकेका छैनन्



देश/विदेश

● मदिहा फातिमा

भारतका मुसलमान आफ्नै धर्मसँग सम्बन्धित वास्तुकलाकै नियति व्यहोरिरहेका छन्। मुसलमानको जीवन पनि अब उत्खननको वस्तु बन्न पुगेको छ। यिनको गरिमा र नागरिकताको बुनियाद नै उग्र हिन्दुत्ववादी बुल्डोजर खतराको जोखिममा छ। मस्जिदझैं मुसलमानको अस्तित्व पनि उग्र हिन्दुत्ववादी भिडमा निर्भर छ। त्यो उग्र हिन्दुत्ववादी भिड जुन सधैं मुसलमानको सम्मान र इज्जतको बचेखुचेको अवशेषलाई थप खोक्रो बनाउन उद्यत् छ। वास्तवमा प्रत्येक भारतीय मुसलमानको शरीरमा ऐतिहासिक बाबरी मस्जिदको भत्किएको ईंटाको दरार खोपिएको छ र यो शरीर अर्को प्रहारको प्रतीक्षामा छ। यसपटक देशको सर्वोच्च अदालतबाट यस्तो कार्य भएको छ। भारतीय मुसलमानको जीर्ण शरीरलाई भत्काउन धेरै गाह्रो छैन। यसका लागि केवल अरूलाई यो शरीरको प्रकृतिप्रतिको आफ्नो जिज्ञासा चित्तबुझ्दो बनाउन पूरा अधिकार छ भन्ने दलिल पर्याप्त छ (भारतका पूर्व-प्रधानन्यायाधीश डिवाई चन्द्रचुडले ज्ञानवापी मस्जिदको 'साँचो स्वरूप' बारेको जिज्ञासाले ऐतिहासिक बाबरी मस्जिद भत्काइएपछि आइन्दा धार्मिक द्वन्द्व नहोस् भनेर बनाइएको उपासना थल अधिनियम उल्लंघन नहुने भन्दै मस्जिद सर्वेक्षणको अनुमति दिएका थिए)।

भारतमा मुसलमानको शरीर जुनसुकै विश्लेषण वा प्रमाणीकरणका लागि खुला छ। यो अनुसन्धानको मैदान बनेको छ, अर्थात् मुसलमानको शरीरको अनुसन्धानको उद्देश्य कसैको जिज्ञासा मेट्नु मात्रै रहेको छ। र, कुनै पनि संवैधानिक कानुन, ऐन वा प्रावधानले भारतीय मुसलमानको शरीरमाथिको यस्ता अनुसन्धानलाई रोक्न सक्दैन। त्यसमाथि मुसलमान शरीर जति पुरानो भयो, त्यसलाई जाँच्न र अनुसन्धान गर्दा त्यति नै सन्तोष हासिल हुन्छ। एकपटक अनुसन्धान सुरु भएपछि भयभीत र कमजोर मुसलमान शरीरले प्रतिरोध गर्न नसक्दा यसले अन्य मुसलमान शरीरलाई आफ्नो परीक्षणको विरोध गर्न आह्वान गर्छ। यी शरीरमाथि विजय हासिल गर्ने मुख्य उपाय भनेको 'अनुसन्धानको माग गर्ने'को भिडलाई सर्वेक्षणमा लैजानु हो। यी जाँच टोलीसँग 'जय श्रीराम'जस्ता आधारभूत युद्धघोषमा राम्रै दख्खल हुनुपर्छ र मुसलमान शरीरलाई कसरी भयभीत बनाउने भनेर जान्नुपर्छ।

अन्य शरीरले यी खानतलासी वा सर्वेक्षणको विरोध गर्ने प्रयास गरेमा सर्वेक्षण टोलीले ती शरीरलाई खुलेरै मास्न सक्छन्। र, यी मामिलामा थप जाँचको आवश्यकता परेमा यो टोलीले आत्मरक्षाको दलिल दिन पाउँछन्। यो दलिल प्रयोग गरेर हालै ६ वा सोभन्दा बढी शरीरलाई मासिएको छ। अर्थात्, एक भारतीय मुसलमानको शरीर केवल एक शरीर मात्र होइन। वास्तवमा यो एक वस्तु र अवशेष हो, जसलाई अरूका लागि उत्खनन र चिरफार गर्न राखिएको छ। शरीरभित्र झाँक्ने प्रयास गरेका जिज्ञासुले यसको आकृति र आकारमा हजारौं घन र छिनोका घाउ खोपेका छन्। भारतीय मुसलमानको शरीर केवल मासु र रगतको एक पिण्ड मात्र नभई छाला र हड्डीमा कुँदिएको इतिहासको एक टुक्रा पनि हो। यो शरीर एक 'म्लेच्छ' हो जो बहिष्कार र विनाशको जिउँदो प्रमाण हो र यो सधैं फासीवाद एवं उग्र हिन्दु राष्ट्रवादको गिरफ्तमा छ।

कहिलेकाहीं यो शरीर चार सय वर्ष पुरानो मस्जिदका रूपमा प्रस्तुत हुन्छ र कहिलेकाहीं यो



चित्र : परिप्लव चक्रवर्ती

१३औं शताब्दीका सुफी सन्तको पूजनीय दरगाहका रूपमा रूपान्तरण हुन्छ। अरू क्षणमा यो शरीर त्यो मुसलमान बस्ती बन्छ, जुन हिन्दु घाटमाथि बनेको मानिन्छ। मुसलमान शरीर आफूलाई सजिलै एउटा महिलाका रूपमा पनि प्रस्तुत गर्छ, जो बजरंग दलका गुन्डाले उनको घरमा जबर्जस्ती प्रवेश गर्ने धम्कीविरुद्ध दृढतापूर्वक उभिन्छन् र आफ्नै घरमा सामूहिक प्रार्थना गर्ने अधिकारका लागि संघर्ष गर्छिन्। भारतीय मुसलमानको शरीर सजिलै धर्मनिरपेक्ष भूमिकामा पनि रूपान्तरण हुन सक्छ।

अर्थात्, यो शरीरले मुरादाबादका डाक्टर अशोक बजाजको रूप लिन्छ, जसले मुसलमान डाक्टरलाई आफ्नो घर बेच्दा हिन्दुबाहुल्य क्षेत्रबाट विरोध आमन्त्रण गर्ने 'गल्ती' गरेका थिए।

आफ्नो ऐतिहासिक जटिलताको अर्थ लगाउन भारतीय मुसलमानको शरीर शाहजहाँ र उनको भव्य सम्पदासँगको सम्बन्धबाट उम्कन सक्दैन। कहिलेकाहीं यो शरीर जामा मस्जिदका रूपमा प्रस्तुत हुन्छ, जसले आफ्ना गुम्बजमुनी मन्दिरका अवशेष लुकेका छन् भन्ने आरोपको बोझ खेपिरहेको हुन्छ। अन्ततः यो 'अढाइ दिनको झुपडी'का रूपमा परिणत हुन्छ, अर्थात् एक यस्तो स्थान जुन गहिरो जाँचको कठोर प्रकाशमा उत्खननको प्रतीक्षामा हुन्छ।

यस अनियमित परिवर्तन र विभिन्न पहिचानको बनोटमा भारतीय मुसलमानको शरीरले आफ्नो पहिचान कायम राख्ने विशेषाधिकार गुमाएको छ। हिन्दु राष्ट्रवादका संरक्षकले केही लक्षण र विशेषताको बिल्ला भिराइरहँदा भारतीय मुसलमान शरीरले कहिल्यै व्यक्तिगत पहिचान बनाउन सकेको छैन। मुसलमान शरीर कहिले पाकिस्तानी, कहिले बंगलादेशी वा रोहिंग्याको पहिचान बोक्न अभिशप्त हुन्छ र आफूलाई भारतीय मुसलमानका रूपमा प्रमाणित गर्न असफल हुन्छ।

वास्तवमा मुसलमान शरीर ती 'अन्य' शरीर बनेका छन्, जसलाई भारतको हिस्सा मानिँदैन र त्यस्तो वस्तु बन्न पुगेको छ, जसमा घृणा पोख्न सकियोस्, विचारधारा लाद्न सकियोस् र जसलाई हत्यासमेत गर्न सकियोस्। प्रश्न उठ्छ, के भारतीय मुसलमान शरीरले कहिल्यै पूर्ण रूपमा बहिष्कृत हिन्दु राष्ट्रवादी विचारधाराबाट मुक्ति पाउन सक्छ ? वा हिन्दु सर्वोच्चतावादीविरुद्ध लड्दालड्दै यो बाबरी मस्जिदको भग्नावशेषजस्तै रहिरहनेछ ?

*(फातिमा लेखक एवं पत्रकार हुन्)*
*द वायरबाट*

# ट्रम्पको फिर्ती र हिजबुल्लाहको क्षयले नरम इरान

## घरेलु तथा वैदेशिक चुनौती सामना गर्नुपरेपछि इरानले अमेरिका र इजरायलप्रति कठोर भाषा त्यागेर नरम नीति अपनाउने संकेत गरेको छ



● फर्नाज फासिही

मध्य नोभेम्बरमा इरानले हेजबुल्लाहलाई इजरायलसँगको युद्धविराम स्विकार्न मनाउने जिम्मेवारी दिएर एक शीर्ष अधिकारी लेबनान पठायो । सोही समय संयुक्त राष्ट्र संघका लागि इरानका राजदूतले इलोन मस्कसँग भेट गरे । नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पनिकट मानिने अर्बपति मस्कसँगको भेटवार्ता आगामी अमेरिकी सरकारसँग सम्बन्ध सहजीकरण गर्ने प्रयासको हिस्सा थियो । त्यसपछि इरानले आणविक कार्यक्रमलगायत धेरै विषयमा युरोपेली देशका प्रतिनिधिहरूसँग जेनेभामा छलफल गऱ्यो ।

यी पछिल्ला कूटनीतिक शृंखलाले डेढ महिनाअघि अर्थात् अक्टोबरको उसको कठोर नीतिमा १८० डिग्रीको परिवर्तनको संकेत गर्छ । त्यति वेला इरान उसको भूमिमा भएको इजरायली आक्रमणको ठुलो जवाफ दिने तयारी गरिरहेको थियो । इरानको एलिट सैन्य दस्ता 'इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प'का एक डेपुटी कमान्डरले त आक्रमण कुनै हालतमा नरोकिने दाबी गर्दै थिए । 'विगत ४० वर्षमा कहिल्यै पनि प्रत्याक्रमण नगरिएको उदाहरण छैन,' ती डेपुटी कमान्डरले भनेका थिए । केही साताभित्रै इरानको बोली नरम बन्नुपछाडि देशभित्र र बाहिरको आएको परिवर्तनको भूमिका छ ।

एकजना रिभोलुस्नरी गार्डका सदस्यसहित पाँच इरानी अधिकारी तथा दुई पूर्वअधिकारीका अनुसार इरानको नरमतामा नोभेम्बर ५ को ट्रम्पको जितको सबैभन्दा ठुलो प्रभाव छ । इरानका लागि ट्रम्प एक अस्थिर नेता हुन्, जसले आफ्नो पहिलो कार्यकालमा इरानमाथि 'अधिकतम दबाब'को नीति अंगीकार गरे । त्यसबाहेक इरानको भाषाशैलीमा आएको परिवर्तनलाई इजरायलले लेबनानमा हेजबुल्लाह समूहमाथि पुऱ्याएको क्षतिले पनि प्रभावित बनाएको छ । मध्यपूर्वमा सक्रिय विभिन्न इरान समर्थित सशस्त्र समूहमध्ये हिजबुल्लाह उसका लागि सबैभन्दा नजिकको र महत्त्वपूर्ण समूह हो । पछिल्लो एक वर्षको अवधिमा समुहमाथि इजरायलले ठुलो क्षति पुऱ्यायो । त्यसबाहेक इरान आफैं आर्थिक संकटले थलिएको छ । डलरको तुलनामा इरानी मुद्रा निरन्तर खस्किरहेको छ । र, जाडो नजिकिँदै गर्दा ऊर्जाअभाव चर्को बन्दै गएको छ ।

यी सबै चुनौतीले इरानलाई उसको शैली बदल्न बाध्य बनाएको वर्तमान इरानी सत्तासँग नजिक अधिकारी बताउँछन् । उनका अनुसार इरानले इजरायलमाथिको जवाफी आक्रमण ट्रम्पको जितपछि खारेज गरेको थियो । आगामी अमेरिकी प्रशासनसँग तनाव नबढोस् भनेर इजरायलमाथिको आक्रमण योजना परित्याग गरिएको उनले बताए । हुन पनि ट्रम्पको आगामी प्रशासनमा एकपछि अर्को इरान आलोचक र इजरायलका कठोर समर्थक चुनिएका छन् । तथापि मध्यपूर्व तथा युक्रेनमा युद्ध अन्त्य गर्ने ट्रम्पको चुनावी वाचाले इरानलाई आकर्षित गरेको अधिकारीहरू बताउँछन् । अमेरिकी निर्वाचनअघि इरानले केही अमेरिकी गुप्तचर अधिकारीले दाबी गरेविपरीत उनीहरूले ट्रम्पको हत्या योजना नबनाएको बाइडेन प्रशासनलाई सन्देश पठाएर थिए । त्यस्तै इरानले औपचारिक रूपमा हिजबुल्लाह र इजरायलबिचको युद्धविरामको पनि स्वागत गरेको छ ।

ब्रिटिस नीतिगत अनुसन्धान समूह चथम हाउसका लागि मध्यपूर्व निर्देशक सनम वकिलको विचारमा इरान वासिंटनमा आएको परिवर्तनमा अनुकूलन गर्ने तयारी गरिरहेको छ । साथै ऊ बदलिँदो घरेलु तथा क्षेत्रीय भूराजनीतिक परिदृश्यलाई नजिकबाट ख्याल गरिरहेको छ । 'सबै कुरा एकैपटक घट्दा इरानको बोलीमा परिवर्तन आएको छ । यी परिवर्तन इरानले आफ्नो स्वार्थ संरक्षण गर्न चालेको रणनीति हो,' वकिलले भने ।

इरानको प्रशासन गुटगत प्रतिद्वन्द्वितामा ले भरिएकाले यसले कहिलेकाहीं बाह्य जगतलाई मिश्रित सन्देश प्रभावित गर्छ । तथापि, गुटगत बेमेलका बाबजुद सर्वोच्च नेता आयतोल्लाह अलि खामेनीको निर्णय अन्तिम बन्ने गर्छ । कट्टरपन्थी राष्ट्रपति इब्राहिम रैसीको निधनपछि गत जुलाईमा सम्पन्न निर्वाचनमा नरमपन्थी मसुद पेजेस्कियन निर्वाचित भए । उनले चुनावको समयमा आर्थिक तथा सामाजिक सुधार गर्ने र पश्चिमी शक्तिसँग संवाद थाल्ने वाचा गरेका थिए । राष्ट्रपतिको रूपमा पेजेस्कियनसँग घरेलु मुद्दामाथि धेरै शक्ति भए पनि बाह्य मामिलामा भने उनको उत्ति प्रभाव लाग्दैन ।

अमेरिकामा निर्वाचन सम्पन्न भएको केही दिनपछि नै संयुक्त राष्ट्र संघका लागि इरानी राजदूत आमिर सइद इराभानीले ट्रम्पनिकट उद्यमी इलोन मस्कसँग भेटघाट गरे । न्युयोर्कस्थित राजदूतको आवासमा भएको भेटघाटमा आगामी अमेरिकी सरकार र इरानबिचको तनाव कम गर्ने विषयमा छलफल भएको थियो । भेटघाटबारे जानकार दुई इरानी अधिकारीले छलफल आशाप्रद भएको जानकारी दिए । खबर बाहिरिएपछि इरानमा सुधारवादी तथा मध्यपन्थी खुसी भए । तर,



> अमेरिकामा निर्वाचन सम्पन्न भएको केही दिनपछि नै संयुक्त राष्ट्रसंघका लागि इरानी राजदूत आमिर सइद इराभानीले ट्रम्पनिकट उद्यमी इलोन मस्कसँग भेटघाट गरे । न्युयोर्कस्थित राजदूतको आवासमा भएको भेटमा आगामी अमेरिकी सरकार र इरानबिचको तनाव कम गर्ने विषयमा छलफल भएको थियो ।

कट्टरपन्थीहरू भने आक्रोशित भए । उनीहरूले राजदूतलाई देशद्रोहीसम्मको आरोप लगाए । यही घटनाले पनि इरानभित्र ट्रम्पको सम्बन्धलाई लिएर परस्परविरोधी धार रहेको प्रष्ट हुन्छ । ट्रम्पले उनको पहिलो शासनकालमा अमेरिकालाई इरानसँगको आणविक सम्झौताबाट बाहिर निकालेको र सन् २०२० मा शीर्ष इरानी जनरल कासिम सुलेमानीको हत्याको निर्देशन दिएकाले कट्टरपन्थी उनलाई मन पराउँदैनन् ।

मस्कसँगको भेटवार्ताको आलोचना बढेपछि इरानका विदेशमन्त्रीले तीन दिनपछि एक विज्ञप्ति जारी गर्दै चर्चामा आएजस्तो कुनै भेटघाट नभएको भनेर खण्डन गरे । कैयौं शीर्ष इरानी अधिकारीले सार्वजनिक रूपमा आफूहरू आणविक तथा क्षेत्रीय मुद्दा समाधानका लागि आगामी ट्रम्प प्रशासनसँग वार्ता गर्न तयार रहेको बताएका छन् । यो आफैंमा ट्रम्पको पहिलो कार्यकालका वेला इरानको अडानमा आएको परिवर्तन हो । त्यतिखेर इरानले वासिंटनसँग वार्ता नगर्ने र उसको क्षेत्रीय नीति तथा हतियार विकास इरानको आन्तरिक मामिला भएको अड्डी कस्यो ।

'इरान ट्रम्पले गाजा युद्धको अन्त्य गर्ने र नेतन्याहुलाई काबुमा राख्ने अवसर दिन चाहन्छ । यदि ट्रम्प आफ्ना चुनावी वाचामा सफल भए भने त्यसले वासिंटन र तेहरानबिच थप बृहत्तर छलफलको बाटो खुलाउनेछ,' इरानका पूर्वकूटनीतिज्ञ तथा हाल प्रिन्सटन विश्वविद्यालका अनुसन्धानकर्ता सैयद हुसेन मौसाभियनले भने । इजरायलमा अक्टोबर ७, २०२३ मा हमासले आक्रमण गरेपछि सुरु भएको इजरायली सैन्य कारबाहीका १३ महिनामा इरान र लेबनान, सिरिया, यमन तथा इराकमा सक्रिय इरानी सशस्त्र समूहले इजरायलमाथि आक्रमण गरेका छन् । इजरायलले गाजामा आक्रमण गरिरहेसम्म इजरायलमाथिको आक्रमण नरोकिने उनले जोड दिँदै आएका छन् । तर, इजरायलसँगको मुडभेडमा हिजबुल्लाहले भोगेको विनाशकारी क्षतिले इरानलाई चिन्तित बनाएको छ । इरानी मिडियाले इजरायली आक्रमणबाट विस्थापित १० लाखभन्दा बढी सिया लेबनानीमाथि इरानप्रति असन्तुष्टि रहेको रिपोर्ट प्रसारण गरिरहेका छन् ।

एक असामान्य रूपमा कठोर मूल्यांकनमा बाकिर अल-ओलुम विश्वविद्यालयका अनुसन्धान केन्द्रका रुढिवादी निर्देशक मेहदी अफराजले इरानले इजरायलको सैन्य शक्तिलाई कम आँकेको बताउँछन् । उनले इजरायलसँगको युद्ध 'भिडियो गेम' नहुनेसम्म चेतावनी दिए । 'सिरियाका हाम्रा साथीले फोन गरेर त्यहाँ विस्थापित भएका लेबनानी सिया शरणार्थीले इरानप्रति आक्रोश पोखिरहेको जानकारी दिइरहेका छन्,' विश्वविद्यालयको एक छलफलमा उनले भने, 'हामीले युद्धलाई हल्का लियौं ।'

इरानी शासनको अस्तित्व जोखिम पर्दा केही हदसम्म व्यावहारिक नीति अपनाउने गरेका खामेनीले नोभेम्बरको मध्यमा उनका शीर्ष सल्लाहकार अली लारिजानीलाई बेरुत पठाएका थिए । पुराना मध्यपन्थी राजनीतिज्ञ लारिजानीले हिजबुल्लाह नेतालाई आयातोल्लाहबाट सन्देश सुनाएको दुई इरानी अधिकारीले द न्युयोर्क टाइम्सलाई बताए । ती अधिकारीका अनुसार लारिजानीले हिजबुल्लाह नेताहरूलाई अहिले युद्धविराम स्विकारेर युद्ध अन्त्य गर्नु बुद्धिमत्तापूर्ण हुने बताए । उनले इरानले पछि हिजबुल्लाहलाई पुनः गठन तथा र पुनः साधनस्रोत सुसज्जित बनाउन मद्दत गर्ने वाचा पनि गरे ।

लारिजानीको बेरुत भ्रमणको ४८ घण्टाभित्रै इजरायल-हिजबुल्लाहबिच युद्धविराम घोषणा भयो । युद्धविराम सर्तअनुसार हिजबुल्लाहले आफ्नो सेनालाई इजरायली सीमाबाट टाढा राख्न सहमत जनायो । यही सर्तमा पहिले उसले असहमति जनाउँदै आएको थियो । त्यही समयतिर इरानको बढ्दो घरेलु आर्थिक तथा ऊर्जासंकट सतहमा आउन थाल्यो । चरम ऊर्जासंकटबिच सरकारले देशव्यापी रूपमा दैनिक दुई घण्टा लोडसेडिङ घोषणा गऱ्यो । यस निर्णयले सार्वजनिक आक्रोश तथा औसत इरानीका लागि क्षेत्रीय द्वन्द्व धेरै महँगो परेको आलोचना सिर्जना गऱ्यो ।

विश्वशक्तिसँग वार्ता सुरु गरेर देशमाथि लागेको प्रतिबन्ध हटाउने र अर्थतन्त्र सुधार्ने चुनावी वाचा गरेका राष्ट्रपति पेजेस्कियनले केही समयअघि ऊर्जा क्षेत्रका अधिकारीसँगको भेटवार्तामा 'ऊर्जाको बारेमा जनतालाई इमानदारीपूर्वक बताउन आवश्यक भएको' बताए । इरानको ऊर्जा पूर्वाधार अहिलेको आवश्यकता पूरा गर्न असमर्थ रहेको उनले स्विकारे । 'इरानका वरिष्ठ अधिकारी र साधारण मानिस दुवैमा पश्चिमसँगको तनाव अन्त्य गर्ने र मिल्ने इच्छा छ,' इरानी सरकारनिकट विश्लेषक नासेर इमानीले भने, 'बाहिर चर्चा भएजस्तो पश्चिमसँगको सहयोगलाई हारको रूपमा हेरिएको छैन । यसलाई लेनदेन कूटनीतिको रूपमा हेरिन्छ ।'

*(फर्नाज फासिही द टाइम्सका लागि संयुक्त राष्ट्र संघका ब्युरो प्रमुख हुन् ।)*
*- द न्युयोर्क टाइम्सबाट*

# दक्षिण कोरियामा राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव विफल

**सिउल** / दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलमाथिको महाभियोग प्रस्ताव विफल भएको छ । सत्तारुढ दलका सांसदको बहिष्कारपछि शनिबार राष्ट्रपतिमाथिको महाभियोग प्रस्ताव विफल भएको हो । सत्तारुढ दलका अधिकांश सांसदले यस साताको सुरुमा मार्सल ल लागू गर्ने उनको निर्णयमा राष्ट्रपति युनलाई महाभियोग लगाउनेबारे भएको मतदानलाई बहिष्कार गरे ।

विपक्षी दलका सबै १९२ र सत्तारुढ दलका तीन सांसदले मात्रै शनिबार महाभियोगको पक्षमा मतदान गरेका थिए । उक्त प्रस्ताव अनुमोदनका लागि २०० मत आवश्यक थियो । मुख्य हलबाहिर, विपक्षी सांसदहरूले सत्तारुढ सांसदलाई 'चेम्बरभित्र जानुहोस्' भनेर चिच्याएका थिए । उनीहरूले मतदान बहिष्कार गर्ने सांसदलाई 'कायर' भनेका थिए ।

नेसनल एसेम्बलीका सभामुखले उक्त विधेयक अघि बढाउन पर्याप्त संख्या नपुगेकाले महाभियोग प्रक्रिया अघि बढ्न नसक्ने घोषणा गरेका थिए । राष्ट्रपतिलाई पदबाट हटाउन माग गर्दै दसौं हजार मानिस संसद् भवनबाहिर जम्मा भएका थिए । राष्ट्रपति युनले दक्षिण कोरियामा मार्सल लको



घोषणा गरेपछि राजीनामा दिन चौतर्फी दबाब बढेको छ । कोरियाली इतिहासमा चार दशकभन्दा बढी समयमा पहिलोपटक राष्ट्रपतिले मार्सल ल घोषणा गरेका थिए । उनको घोषणापछि देशभित्र व्यापक विरोध र असन्तुष्टि बढेको छ भने अन्तर्राष्ट्रि समुदायले निकै चासोसाथ हेरिरहेको छ । विपक्षी सांसदहरूले डिसेम्बर ११ का लागि अर्को प्रस्ताव पेस गरेका छन् । उक्त मितिमा सत्तारुढ दलका सांसदले पनि युनलाई महाभियोग लगाउने पक्षमा मतदान गर्ने विश्वास गरिएको छ ।

मंगलबार अबेर रातिको एउटा अचम्मको सम्बोधनमा येओलले देशमा मार्सल ल लागू गर्ने घोषणा गरेका थिए । एक आकस्मिक टेलिभिजन सम्बोधनमा सोही रात ११ बजे युनले प्रमुख विपक्षी डेमोक्र्याटिक पार्टीले उत्तर कोरियाप्रति सहानुभूति राखेको र राज्यविरोधी गतिविधिमा संलग्न भएको आरोप लगाउँदै मार्सल ल घोषणा गरेका थिए । । तर, मार्सल ल घोषणा भएको दुई घण्टा नबित्दै बहुमत सांसदले उनको आदेशविरुद्ध मतदान गरे । आफ्नो कदम असफल भएपछि अन्ततः राष्ट्रपतिले मार्सल ल फिर्ता लिएको घोषणा गरे ।

उनको आदेशपछि ठुलो संख्यामा सेना र प्रहरी नेसनल एसेम्बली भवनमा तैनाथ भएका थिए । विपक्षी नेता ली जे-म्युङले डेमोक्र्याटिक पार्टीका सांसदलाई भेला हुन र राष्ट्रपतिको घोषणालाई अस्वीकार गर्न मतदानका लागि आग्रह गरेका थिए । राष्ट्रपतिको कदमपछि हजारौं मानिस सडकमा उत्रिएका थिए । सांसदहरूलाई नेसनल एसेम्बलीमा जान विभिन्न अवरोध खडा गरिएको थियो । तर, सांसदहरूले अवरोध बाइपास गर्न सफल भएका थिए । संसद्मा पुगेर उनीहरूले सर्वसम्मति ढंगले एक आपत्कालीन सत्रमा राष्ट्रपतिको आदेश रोक्न मतदान गरेका थिए ।

*- एजेन्सी*

## इतिहासमा आज




**सन् १८६३** : अब्राहम लिंकनले देशबाट छुट्टिएर गृहयुद्ध सुरु गरेका दक्षिणी राज्यलाई आममाफी दिने तथा ती राज्यमा पुनर्निर्माण सुरु गर्ने घोषणा गरे ।

**सन् १९४८** : जोर्डनले प्यालेस्टाइनको पश्चिम किनारालाई कब्जामा लियो ।
**सन् १९४९** : चीनमा दशकौंदेखि शासन गरिरहेको राष्ट्रवादी सरकार कम्युनिस्टसँगको गृहयुद्धमा हारेपछि चीनबाट ताइवान सऱ्यो ।
**सन् १९६६** : अमेरिका र सोभियत संघबिच आणविक हतियारलाई बाह्य अन्तरिक्षमा परीक्षणमा प्रतिबन्ध लगाउने सन्धिमा हस्ताक्षर ।
**सन् १९७४** : सैन्य शासन अन्त्य भएपछि गणतन्त्र वा सैनिक शासनअघिको राजवंश फिर्ता गर्ने विषयमा ग्रिसमा भएको जनमत संग्रहमा राजतन्त्रविरुद्ध मत खस्यो ।
**सन् १९८२** : कोलम्बियाली लेखक ग्राभियल गार्सिया मार्खेजले साहित्य विधामा नोबेल पुरस्कार पाए ।
**सन् १९८७** : अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र सोभियत नेता मिखाइल गोर्बाचेभबिच मध्यम दूरीको आणविक मिसाइल उन्मूलन गर्ने सन्धि ।
**सन् १९९१** : सोभियत संघबाट स्वतन्त्र भएका तीन मुलुक रुस, बेलोरसिया र युक्रेनबिच 'कमवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स' निर्माण भयो ।
**सन् २०१९** : सन्ना मरिन ३४ वर्षको उमेरमा फिनल्यान्डको सबैभन्दा कम उमेरकी प्रधानमन्त्री बनिन् । उनी यही वर्ष जुनसम्म प्रधानमन्त्री रहिन् ।

**Lumbini Province Government**
**Ministry of Forest and Environment**
**Soil and Watershed Management Office**
**Mulpani, Rolpa**

**Invitation for Sealed Quotation**

***First Date of Publication : 2024-12-08 (2081-08-23 BS)***

1. The **Soil and Watershed Management Office, Mulpani, Rolpa** invites the following electronic sealed quotation (SQ) for the eligible national bidders for the contracts given below.

| S. N. | Contract ID. | Description and Location of Works | Estimated Amount (Excluding VAT & Contengencies) (NRs) | Bid document fee (NRs) | Bid Security amount (NRs) | Last date of Submission |
|---|---|---|---|---|---|---|
| 1. | SWMO-ROLPA/WORKS/SQ/03-081/82 | Construction of Gabion Revetment Works for Gaumukhi Jhimruk Nadi Katan Niyantran Tatha Bhu-Sangrakshyan, Gaumukhi-04, Pyuthan | 17,11,656.68/- | 1000/- | 45,000/- | 23 December, 2024 (2081/09/08) 12:00 hrs |
| 2. | SWMO-ROLPA/WORKS/SQ/04-081/82 | Construction of Gabion Revetment Works for Gaira Nadi Niyantran, Naubahini-08, Pyuthan | 17,11,655.70/- | 1000/- | 45,000/- | |
| 3. | SWMO-ROLPA/WORKS/SQ/05-081/82 | Construction of Gabion Revetment Works for Jhimruk Nadi Ko Puja Liwase Bhanne Thauma Tatbandha, Gaumukhi-04, Pyuthan | 17,10,510.87/- | 1000/- | 45,000/- | |
| 4. | SWMO-ROLPA/WORKS/SQ/06-081/82 | Construction of Gabion Revetment Works for Goganpani Surdip Pahiro Niyantran, Naubahini-07, Pyuthan | 12,83,566.71/- | 1000/- | 35,000/- | |

2. For further Details Bidders are requested to visit the **Soil and Watershed Management Office, Mulpani, Rolpa, Telephone 086-594002, Mobile *9857877108*, email: *swmorolpa@gmail.com*** or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**
**Local Infrastructure Development Project Office**
**Butwal**

**Invitation of Bids**

**Date of Publication: 8th December, 2024**

Local Infrastructure Development Project Office, Butwal Rupandehi invites electronic bids only from eligible bidders for the construction of below mentioned works.

| Description of Works | Contract ID | Estimated Amount with VAT and PS (NRs) | Bid Security NRs. | Bid Fee NRs. |
|---|---|---|---|---|
| Upgrading of Narayan Chalauneko Ghar-Salyani Tole-Jogi Danda-Duduwa Rural Municipality Boarder, Banke | Lidpo/Lumbini/NCB/W/R/081_82/97 | 9,658,725.91 | 214,000.00 | 3,000.00 |
| Upgrading of Ghumaune Koreng Chhapchaur Bareng Road, Gulmi | Lidpo/Lumbini/NCB/W/R/081_82/98 | 9,658,847.80 | 214,000.00 | 3,000.00 |
| Upgrading of Khaliban Rampur Road, Palpa | Lidpo/Lumbini/NCB/W/R/081_82/99 | 9,659,998.74 | 214,000.00 | 3,000.00 |
| Upgrading of Siluwa Archale Road, Palpa | Lidpo/Lumbini/NCB/W/R/081_82/100 | 9,658,900.67 | 214,000.00 | 3,000.00 |
| Upgrading of inter provincial road connecting Kohalpur Chappargaudi Khadakvar Salyan, Banke | Lidpo/Lumbini/NCB/W/R/081_82/101 | Single Stage Two Envelope | 774,000.00 | 5,000.00 |

**Name of Public Entity: Local Infrastructure Development Project Office(LIDPO)**
**Bid Validity Period: 90 days after bid opening**
**Bid Security Validity Period: 30 days beyond the validity period of the bid**
Bidders may get further detail information about the bid on PPMO's website www.bolpatra.gov.np/egp or dial at 071-445419.

**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुम्लिचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८१/०८/२३ गते)**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८१/०८/०५ गते विद्युतीय माध्यम (E-QUOTATION) एवं मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये देहायका दरभाउपत्र न्यूनतम् मूल्याँकित सारभुत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वोलपत्र मुल्याँकन समितिको मिति २०८१/०८/२१ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सवै बोलपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर समेत) |
|---|---|---|---|---|
| १ | GRM/WORKS/SQ/02/2081/82 | Construction of Toilet At Ward Office-2 | कृतिका निमार्ण सेवा गोरखा | ६,५४,७३३/२८ |

**प्रमुख प्रशासकीय अधिकृत**

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २३ मंसिर ०८१

# सिमेन्टमा कृत्रिम मूल्यवृद्धि

## वाणिज्य विभागको अनुगमनमा पाँच सय ५० रुपैयाँ प्रतिबोरा रहेको सिमेन्टको भाउ ८ सयसम्म पुऱ्याइएको पाइयो, मूल्यवृद्धि तत्काल फिर्ता नगरे कारबाही गर्ने चेतावनी

**अजित अधिकारी** / नयाँ पत्रिका

सामान्यतया तिहारपछि मुलुकभर निजी क्षेत्र तथा सरकारीस्तरबाट सञ्चालित परियोजनाले गति लिने गरेका छन् । यसवेला सिमेन्ट, डन्डीलगायतका निर्माण सामग्रीको उच्च माग हुने गर्छ । तर, सीमित सिमेन्ट उद्योगीले एक महिनायता मूल्य प्रतिबोरा डेढ सपैयाँसम्म वृद्धि गरिसकेका छन् ।

दसैँअगाडि 'गेट प्राइस' तीन सय ५० रुपैयाँसम्म झरेको सिमेन्टको भाउ प्याकेजिङ, ढुवानी, डिलर कमिसनलगायत जोड्दा पाँच सय ५० रुपैयाँ प्रतिबोरासम्म थियो, तर अहिले भाउ बढेर सात सयदेखि आठ सय रुपैयाँ प्रतिबोरासम्म पुगिसकेको वाणिज्य आपूर्ति तथा अनुगम विभाले गरेको अध्ययनको निष्कर्ष छ ।

सिमेन्टको मूल्य बढ्दा निर्माण व्यवसायीहरू थप अन्यायमा परेको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताए । उनले भने, 'छोटो समयमै सिमेन्टको मूल्य बोरामै दुई सय रुपैयाँले बढेको छ, यसमा सरकारको ध्यान जान आवश्यक छ ।' व्यवसायीहरूले गरेको अस्वाभाविक मूल्यवृद्धिको विषयमा ध्यानाकर्षण भइसकेको प्रमुख अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेलले बताए । विभागले गरेको अध्ययनले समेत सिमेन्टको कृत्रिम मूल्यवृद्धि भएको निष्कर्ष निकाल्दै तत्काल बढेको मूल्य फिर्ता नभए उद्योगीलाई कारबाही गर्ने चेतावनी दिएको उनले जानकारी दिएका छन् ।

'सिमेन्टको भाउ बढेको विषयमा हामीले गरेको अध्ययनमा कृत्रिम रूपमा बढाएको देखिन्छ,' उनले भने, 'तत्कालै बजारले आभास गर्ने गरी मूल्य नघटाए हामी कारबाहीको प्रक्रिया थाल्छौं ।'

निर्माण क्षेत्रको काम सुरु हुने वेलामा सिमेन्टको माग उच्च हुने भएकाले मूल्यवृद्धि गरेर उद्योगीले लाभ लिन खोजेको उनको भनाइ छ । 'माग बढ्ने सिजनमा सिमेन्टको मूल्य बढाएर लाभ लिइहालौं भन्ने सोच उद्योगीमा देखिन्छ,' महानिर्देशक पौडेलले भने, 'तर, यो गलत अभ्यास हो । यसलाई नियन्त्रण गर्न विभागले कारबाही अघि बढाइहाल्छ ।'

विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ ले गरेको व्यवस्थाअनुसार अनुगमन र कारबाही गर्दै आएको छ । ऐनले कृत्रिम मूल्यवृद्धि गर्नेलाई एकपटकका लागि अधिकतम तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । विगतमा पनि बढी मूल्य लिएको कसुरमा विभिन्न व्यवसायीलाई ऐनअनुसार जरिवाना भइसकेको छ ।

लागतका अन्य शीर्षक र ऋणको ब्याजदरसमेत न्यूनतम विन्दुमा हुँदा पनि मूल्य बढाइनु अस्वाभाविक भएको उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले बताए । 'अरू वेला बैंक ब्याजदरलगायतमा खर्च बढेको कारण देखाएर मूल्यवृद्धि हुने गरेको थियो । अहिले त ऋणको ब्याजदर पनि न्यूनतम विन्दुमा छ,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष तिमिल्सिनाले भने, 'यस्तो वेला मूल्य बढाउनुको कुनै कारण छैन । यो उपभोक्तामाथि गरिएको अन्याय हो ।'

उनले नियमनकारी निकाय वाणिज्य विभागले तुरुन्त पहलकदमी लिएर मूल्य नियन्त्रण गर्नुपर्ने बताए । राष्ट्र बैंकका अनुसार असोजसम्मको ऋणको आधार दर ७.२ प्रतिशत कायम भएको छ । ऋणको माग नहुँदा बैंकमा निक्षेप थुप्रिने क्रम बढिरहेकाले ब्याजदर अझै सस्तिने आकलन छ ।

**वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेल भन्छन्–**



सिमेन्टको भाउ बढेको विषयमा हामीले गरेको अध्ययनमा कृत्रिम रूपमा बढाएको देखिन्छ, तत्कालै बजारले आभास गर्ने गरी मूल्य नघटाए हामी कारबाहीको प्रक्रिया थाल्छौं । माग बढ्ने सिजनमा सिमेन्टको मूल्य बढाएर लाभ लिइहालौं भन्ने सोच उद्योगीमा देखिन्छ, तर यो गलत अभ्यास हो । यसलाई नियन्त्रण गर्न विभागले कारबाही अघि बढाइहाल्छ ।

**नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह भन्छन्–**



पछिल्लो समय सरकारले निर्माण व्यवसायीको भुक्तानी दिन सकेको छैन, यस्तो अवस्थामा सिमेन्टको मूल्य बढ्दा निर्माण व्यवसायीहरू थप अन्यायमा परेका छन् । छोटो समयमै सिमेन्टको मूल्य बोरामै दुई सय रुपैयाँले बढेको छ, यसमा सरकारको ध्यान जान आवश्यक छ ।




### ■ मूल्यवृद्धि खारेज गर्न निर्माण व्यवसायीको माग

निर्माण व्यवसायी महासंघले सिमेन्टमा भएको कृत्रिम मूल्यवृद्धि खारेज गर्न माग गरेको छ । महासंघले एक विज्ञप्ति जारी गर्दै सिमेन्टलगायतका निर्माण सामग्री उत्पादनसँग सम्बन्धित इन्धनसहित कुनै पनि कच्चा पदार्थमा मूल्यवृद्धि नहुँदा पनि कार्टेलिङ गरी एक महिनाको अवधिमा पटक-पटक गरी सिमेन्टमा प्रतिबोरा एक सयभन्दा बढी मूल्यवृद्धि गरिएको भन्दै आपत्ति जनाएको हो ।

'निर्माणकार्य हुने मुख्य सिजनमा सीमित सिमेन्ट उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभावलगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप मारमा परेको छ,' महासंघले भनेको छ ।

खुला अर्थतन्त्रको नीतिविपरीत सिमेन्टमा गरिएको अव्यावहारिक एवं अवैज्ञानिक मूल्यवृद्धि दण्डनीय अपराध भएको भन्दै फिर्ता लिनुपर्ने महासंघको भनाइ छ ।

सिमेन्टमा भएको मूल्यवृद्धिले लागत बढ्न गएको निर्माण व्यवसायीको तर्क छ । 'व्यवसायीहरूको अर्बौं भुक्तानी नहुँदा निर्माण उद्योग नै धराशायी भएको स्थितिमा सिमेन्टलगायतका निर्माण सामग्रीमा भएको मूल्यवृद्धि अविलम्ब खारेज गर्न महासंघ जोडदार माग गर्दछ,' विज्ञप्तिमा भनिएको छ, 'मूल्यवृद्धि खारेज नभए महासंघ बाध्य भएर देशभरका निर्माणकार्य ठप्प पारी 'कन्स्ट्रक्सन होलिडे' आह्वान गर्न बाध्य हुनेछ ।'




# पसल-पसलमा पुगेर कर उठाउँदै दमक नगरपालिका

## नगरपालिकामा दर्ता संख्या दश हजारभन्दा बढी, तर करको दायरामा दुई हजार पाँच सय मात्र



दमक नगरपालिकाले सञ्चालन गरेको राजस्व संकलन अभियानका क्रममा गाडीभित्रै काम गर्दै कर्मचारी ।

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिकाले पसल-पसलमा पुगेर कर संकलन अभियान सुरु गरेको छ । दमक नगरक्षेत्रमा व्यवसायीको संख्या दश हजारभन्दा बढी भए पनि करको दायरामा दुई हजार हाराहारी मात्र आएपछि कर उठाउने अभियान नै सुरु गरेको हो ।

नगरपालिकाले गाडीमै राजस्व शाखाका कर्मचारीसहित पसल-पसलमा गएर कर संकलन गरिरहेको छ । गाडीमै आवश्यक उपकरण लगेर व्यवसाय नवीकरण तथा नयाँ दर्ता भइरहेको राजस्व समिति संयोजक तथा उपप्रमुख रेगिना भट्टराई प्रसाईंले जानकारी दिइन् । उनका अनुसार दमक नगरपालिकाले पसल-पसलमा गएर दर्ताभन्दा बाहिरका सामग्री बेचेको, राजस्व नतिरेको पनि अनुगमन गरिरहेको छ ।

नगरपालिकाको राजस्व समितिको निर्णयअनुसार सबै व्यवसायीलाई करको दायरामा ल्याउन कर संकलन अभियान सुरु गरिएको उनले बताइन् । 'व्यवसाय गर्दा-गर्दै नगरपालिका जाने फुर्सद नहुन सक्छ । त्यसकारण लामो समयदेखि नवीकरण पनि छुटेको छ,' उनले भनिन्, 'नगरपालिका आउन नपाएर नै दर्ताविना पनि पसल चलिरहेको छ । यस्तो नहोस् भनेर हामीले नागरिकलाई घर-घरमा सेवा दिएका हौं । घरदैलोमै आफ्नो सरकार छ भनेर अनुभूति गराउन पनि यो अभियान चलाएका हौं ।'

सोमबारबाट सुरु भएको अभियानमा शुक्रबारसम्म पसलको नवीकरण र नयाँ दर्ताबाट कुल दुई लाख ६२ हजार आठ सय ३८ रुपैयाँ राजस्व संकलन भएको दमक नगरपालिकाले जनाएको छ । अभियानका क्रममा दुई सय एक पसलको अनुगमन भएको छ । त्यस क्रममा २९ वटा पसलको व्यवसाय नवीकरण, ३२ वटा पसल नयाँ दर्ता र ४३ वटा पसललाई वक्यौता असुलीका लागि पत्राचार गरिएको दमक नगरपालिकाले जनाएको छ । 'अभियानका क्रममा चालू आर्थिक वर्षको नवीकरण गर्ने व्यवसायीलाई १० प्रतिशत छुटको व्यवस्था गरिएको छ,' उनले भनिन्, 'लामो समय नतिर्नेलाई जरिवाना पनि लाग्छ । व्यवसाय बन्द गर्न चाहनेले जतिसुकै अवधिबाट राजस्व नतिरेको भए पनि तीन आर्थिक वर्षको तिरेपछि बन्द गर्न कर कार्यालयलाई हामी सिफारिस गर्छौं ।'

दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईं पनि नगरपालिकाको यो अभियान सकारात्मक रहेको बताउँछन् । व्यवसाय सञ्चालन गरेपछि दर्ता तथा नवीकरण गर्नु कर्तव्य नै रहेको उनको भनाइ छ । 'व्यवसाय सञ्चालन गरेपछि राज्यलाई कर तिर्नैपर्छ । कर तिरेपछि व्यवसायीलाई साह्रोगाह्रोमा नगरपालिकाले सहयोग गर्ने दायित्व हुन्छ । नगरपालिकाको यो अभियान राम्रो छ । तर, निरन्तरता दिन आवश्यक छ,' उनी भन्छन्, 'नगरपालिकाले निरन्तर अनुगमन पनि गर्नुपर्छ । हेर्दा किराना पसल हुन्छ । तर, मदिरा पनि बेचिरहेको हुन्छ । यस्तो गर्नु गलत हो । यसमा पनि ध्यान दिनुपर्छ ।'

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
भैंसेपाटी, ललितपुर

**विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२३ गते)**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा सञ्चालित सामुदायिक विद्यालयहरूको व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम रहेकोले "विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" को दफा ३ बमोजिमका शर्तहरू पुरा गरेका सामुदायिक विद्यालयहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८१ पौष ७ गते कार्यालय समय भित्र) उल्लेखित कार्यविधिको अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी संलग्न गर्नुपर्ने कागजातहरू सहित यस कार्यालयमा प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ । म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरू पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

सूचना सम्बन्धी थप जानकारी तथा "विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाईट http : **www.mosd.bagamati.gov.np** र शिक्षा विकास निर्देशनालयको वेबसाइट **http://edd.bagamati.gov.np** मा उपलब्ध छ ।

**कार्यालय प्रमुख**

# अनावश्यक कार्यक्रम बजेटमा हुँदा स्रोत व्यवस्थापन गर्न चुनौती : अर्थमन्त्री पौडेल

**काठमाडौं**/ उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अनावश्यक कार्यक्रम तथा परियोजना बजेटमा हुँदा स्रोत व्यवस्थापन र काम गर्न चुनौती भएको बताएका छन् । नेपाल आर्थिक पत्रकार संघ (नाफिज), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्माण व्यवसाय प्रवर्द्धन व्यवस्थापन कार्यान्वयन समिति र नेपाल निर्माण व्यवसायी महासंघको सहकार्यमा आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन् । संघको बजेटमा ७५ हजार रुपैयाँको पनि परियोजना हुनु लजास्पद विषय भएको उनको भनाइ छ । 'चालू आवको बजेट मैले बनाएको होइन, रातो किताब हेर्दा ७५ हजार रुपैयाँका पनि परियोजना छन् । संघले यति सानो परियोजनामा अल्झिएको छ । स्थानीय तह र प्रदेश सरकारले कस्तो परियोजना बनाउने ? बजेटका कारण पनि धेरै काम गर्न सकिएको छैन,' उनले भने, 'यो बजेटमा सूचीकृत रहेका १७ हजार योजनाहरू कार्यान्वयन गर्नुपर्नेछ । तर, आधार नै नभएका आयोजनाहरू पनि हजारौं रहेका छन् ।'

### ■ एक साताभित्र निर्माण व्यवसायीको भुक्तानी



अर्थमन्त्री पौडेलले एक साताभित्र निर्माण व्यवसायीको बक्यौता भुक्तानी गर्ने बताए । निर्माण व्यवसायीहरूलाई उनले भने, 'तपाईंहरूको भुक्तानी बाँकी कुन-कुन मन्त्रालय र निकायमा छ, आइतबार जानुस्, भुक्तानी हुनेछ । ढिलोमा पनि एक साताभित्र भुक्तानी हुनेछ । त्यसरी पनि भुक्तानी पाउनुभएन भने मकहाँ आउनुस्, त्यसपछि बसेर छलफल गरी उचित निकास निकाल्नेछौं ।'

कार्यक्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयका सहसचिव विष्णुप्रसाद शर्माले सार्वजनिक खरिद नियमावली १४औंपटक संशोधन गर्नुपर्ने अवस्था आएको बताए । सडक विभागका महानिर्देशक रामहरि पोखरेलले प्राथमिकताका आधारमा निर्माण व्यवसायीको भुक्तानी गरिने बताए । यस्तै, नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले लामो समयदेखि सरकारले निर्माण व्यवसायीको रोकिएको भुक्तानी दिनुपर्ने बताए । यसैगरी, निर्माण व्यवसायीले तिर्नुपर्ने ऋणको साँवा र ब्याज तिर्ने अवधि पनि थप गर्नुपर्ने उनले बताए ।

Local Government
**Madhyapur Thimi Municipality**
Office of the Municipal Executive
Madhyapur Thimi, Bhaktapur
Bagmati Province, Nepal

**Invitation for Electronic Sealed Quotation**

**First Date of Publication: 2081/08/23**

The Office of the Municipal Executive, Madhyapur Thimi Municipality invites electronic Sealed Quotation from Nepalese Eligible Suppliers for the following Supply and Delivery of Goods Under Sealed Quotation Procedures. Eligible Suppliers may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Madhyapur Thimi Municipality, Madhyapur Thimi, Bhaktapur during office hour.

| S. N. | Contract Identification No. | Description of Project | Sealed Quotation Fee | Bid Security Fee | Remarks |
|---|---|---|---|---|---|
| 1 | MTM/Goods/ SQ/01/ 2081/082 | Supply and Delivery of Ultra Thin Sanitary Pad at Madhyapur Thimi Municipality | 1,000.00 | 47,000.00 | |
| 2 | MTM/Goods/ SQ/02/ 2081/082 | Supply and Delivery of Exercise Book(Copy) at Madhyapur Thimi Municipality | 1,000.00 | 35,000.00 | |

**Madhyapur Thimi Municipility**

# सुदूरपश्चिम महोत्सव सुरु : व्यवसायीले उद्योगमन्त्रीलाई बुझाए १० बुँदे ज्ञापनपत्र

धनगढीमा **तेजराज भट्ट**

कैलालीका उद्योगी-व्यवसायीले संघीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई सुदूरपश्चिम विकासका लागि विभिन्न मागसहितको १० बुँदे ज्ञापनपत्र बुझाएका छन् । कैलालीको धनगढीमा शनिबारदेखि सुरु भएको सुदूरपश्चिम महोत्सवको उद्घाटनका अवसरमा कैलाली उद्योग वाणिज्य संघले मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाएको हो ।

संघले भारतसँग जोडिएको गौरीफन्टा नाकालाई सुविधासम्पन्न नाकाका रूपमा स्तरोन्नति गर्नुपर्ने, कृषि विश्वविद्यालय स्थापना, प्रदर्शनीस्थल स्थापना, सुदूरपश्चिममा उद्योग स्थापनाका लागि कर छुट दिनुपर्नेलगायतका माग गरेको छ । ०६३ मा महोत्सव सुरु गर्दा संघले तत्कालीन प्रधानमन्त्रीलाई उद्घाटनमा बोलाएर यहाँको विकासका २१बुँदे मागसहित २१ किलोको माला पहिऱ्याएको थियो । तीमध्ये केही माग पूरा भएका र केही आंशिक पूरा भएका संघका अध्यक्ष पुष्पराज कुँवरले बताए । अध्यक्ष कुँवरले अहिले धराशायी हुँदै गएको व्यवसाय क्षेत्र उकास्ने योजना ल्याउन सरकारलाई आग्रह गरे । उनले यहाँ स्थापना हुने उद्योगलाई राज्यले कर छुट दिनुपर्ने माग गरे ।

'उद्योग स्थापनाका लागि जग्गाको समस्या छ । राज्यले नाकाको स्तरोन्नति गरिदिनुपर्छ,' अध्यक्ष कुँवरले भने, 'अहिले उद्योग, व्यवसाय टिकाउन सकिएको छैन, यसले आर्थिक विकास र रोजगारीमा पनि असर परेको छ । सरकारले निजी क्षेत्र उकास्ने कार्यक्रम ल्याउन ढिलो गर्नुहुँदैन ।'



महोत्सवमा कृषि उत्पादन, जडीबुटी, हस्तकला, गारमेन्ट, इलेक्ट्रोनिक, होटेललगायतका पाँच सय ३१ वटा स्टल राखिएका छन् । स्टलहरूबाट करिब १५ करोड मूल्यबराबरको आर्थिक कारोबार हुने संघको अनुमान छ । व्यवसाय अभिवृद्धिसँगै सुदूरपश्चिमको आर्थिक विकासका लागि लगानीको सम्भावनाहरूको खोजी गर्दै संघले हरेक वर्ष महोत्सव सञ्चालन गर्दै आएको छ ।

### निजी क्षेत्रसँग सहकार्य गर्छौं : मन्त्री भण्डारी

महोत्सवको उद्घाटनमा मन्त्री भण्डारीले लगानी भित्र्याउनका लागि सरकार निजी क्षेत्रसँग सहकार्य गरेर जाने बताएका छन् । सरकारले निजी क्षेत्रलाई प्राथमिकता दिएको उनले बताए । मन्त्री भण्डारीले लगानी भित्र्याउन सरकारले नीतिगत सुधार गर्न लागेको पनि बताए ।

सुदूरपश्चिममा प्रशस्त सम्भावना भए पनि राजनीतिक अस्थिरताका कारण विकास हुन नसकेको उनको भनाइ थियो । पश्चिम सेती र अपर कर्णाली जलविद्युत् आयोजना अघि बढिसकेको उल्लेख गर्दै उनले यी आयोजनाको निर्माणले सुदूरपश्चिमको विकासमा टेवा पुग्ने बताए ।

■ नबिल उद्यमशीलता कार्यक्रम

# १२ सय रोजगारी सिर्जना, ११७ व्यवसाय सञ्चालनमा

**काठमाडौं**/ नबिल बैंकको उद्यमशीलतासम्बन्धी कार्यक्रम 'नबिल स्कुल अफ सोसियल आन्टरप्रेनरसिप (नबिल एसएसई)' सञ्चालन गरेको छ। नबिल एसएसई बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक उद्यमशीलताको विकासमार्फत सामाजिक रूपान्तरण गर्ने लक्ष्य राखेर अघि बढाइएको कार्यक्रम हो।

समाजमा सकारात्मक परिवर्तन ल्याउन नबिलले फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्स गरी दुई प्रकारको कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म नबिल एसएसई कार्यक्रमबाट एक हजार दुई सय रोजगारी सिर्जना भएको तथा ७२ व्यवसाय सञ्चालनमा आएका बैंकले जनाएको छ।

हालसम्म ५६ जना फेलोले फेलोसिप कार्यक्रममा सहभागिता जनाइसकेका छन्। २० फेलोहरू सुरुवाती चरणमा छन् भने ४५ व्यवसाय स्थापना भएर करिब एक हजार दुई सय जनाले रोजगारी पाइरहेका छन्। त्यस्तै, सर्टिफिकेट कोर्सअन्तर्गत पाँच सय १८ जनाले यो कोर्स पूरा गरिसकेका छन् भने दुई सय २६ जना नयाँ भर्ना भएका छन्। नबिल बैंकले यो फेलोसिप कार्यक्रमका लागि त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायसँग साझेदारी गरेको छ। यो ६ महिना लामो कार्यक्रम हो, जसमा प्रत्येक महिनाको तीन दिन आवासी तालिमको व्यवस्था छ।



नबिल बैंकको सामाजिक उद्यमशीलता कार्यक्रम 'नबिल एसएसई'को पहिलो ब्याचका प्रशिक्षार्थी।

तालिममा प्रत्येक सहभागीलाई वर्षभरिका लागि एकजना मेन्टरको व्यवस्था गरिएको छ। कार्यक्रममा सहभागीहरूले आफ्नो उद्यमको प्रकृतिअनुसार विज्ञहरूको सहयोगमा व्यावहारिक चुनौतीको समाधानका लागि आवश्यक सहयोग प्राप्त गर्नेछन्।

यो कार्यक्रमका लागि नबिल बैंकले सात प्रदेशका विभिन्न शैक्षिक संस्थासँग साझेदारी गरिरहेको छ। तीन महिना लामो यो कोर्समा सहभागीहरूले उद्यमशील बन्नका लागि व्यावहारिक सीप र ज्ञान प्राप्त गर्नेछन्। यस्तो कार्स सम्पन्न गरिसकेपछि सहभागीले उद्यमशीलता विकास गर्नुका साथै बैंकमा पेस गर्न मिल्ने व्यावसायिक योजना पनि बनाउन सक्ने बैंकले जनाएको छ।

# एनसेल फाउन्डेसनको 'ओरेन्ज द स्कुल'

**काठमाडौं**/ एनसेल फाउन्डेसन, साथी संस्था र जोन्टा क्लब अफ काठमाडौंले लैंगिक हिंसा अन्त्य गर्न 'ओरेन्ज द स्कुल' अभियान सञ्चालन गरिरहेका छन्। यो अभियान लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान र ग्लोबल जोन्टा 'सेज नो' अभियानअन्तर्गत आयोजना गरिएको कार्यक्रममध्ये एक भएको बताइएको हो। यस अभियानअन्तर्गत हालसम्म १० विद्यालयमा करिब १५ सय विद्यार्थीलाई प्रत्यक्ष सहभागी गराइसकिएको फाउन्डेसनले जनाएको छ।




कार्यक्रमको उद्देश्य विद्यार्थी र शिक्षकलाई लैंगिक हिंसा, बालविवाह, साइबर बुलिङ, साइबर सुरक्षा तथा डेटा प्राइभेसीजस्ता जान्नैपर्ने विषयहरूमा जानकारी दिने रहेको छ। जोन्टा क्लब अफ काठमाडौंकी अध्यक्ष बिना रानाले भनिन्, 'लैंगिक हिंसा विश्वव्यापी संकट हो, जसले आधारभूत मानव अधिकारको उल्लंघन गर्छ र लैंगिक समानतामा प्रगतिलाई रोक्छ। गरिबी, भेदभाव र जलवायु परिवर्तनजस्ता कारणले महिला र केटीहरूलाई जोखिम बढाउँछन्।'

'ओरेन्ज द स्कुल' अभियानले विद्यालयमा यी मुद्दाहरूबारे चेतना जगाउने र सामूहिक प्रयासबाट सुरक्षित समुदाय निर्माण गर्न प्रेरणा दिने उद्देश्य राखेको छ। युवाहरूलाई सशक्त बनाउँदै मौनता तोड्न र हिंसामुक्त भविष्य निर्माण गर्न शिक्षित बनाउनु अत्यन्त महत्त्वपूर्ण छ।

# एसबिआई बैंकद्वारा दुई लाख सहयोग



**काठमाडौं**/ नेपाल एसबिआई बैंकले विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गर्न दुई लाख रुपैयाँ सहयोग गरेको छ। बैंकले कैलाली लम्कीचुहा नगरपालिका वडा नं ३ स्थित नेपाल राष्ट्रिय कर्णाली माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्कुल ब्याग, शैक्षिक सामग्री तथा पोसाकका लागि सहयोग गरेको हो। उक्त सहयोग रकमको चेक बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देले विद्यालय व्यवस्थापन समिति अध्यक्ष, बसन्ती बलामी र प्रधानाध्यापक जंगबहादुर तारामीलाई हस्तान्तरण गरे।

उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत राजेशकुमार पंडा, प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख कर्जा अधिकृत अर्जुन नेपाललगायत उपस्थित थिए।

हाल बैंकले एक सय शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, एक सय २१ एटिएमबाट सेवा प्रदान गर्दै आएको छ।

# युनियनको आइपिओ निष्कासक लक्ष्मी सनराइज क्यापिटल




**काठमाडौं**/ युनियन मेवा हाइड्रोको आइपिओ निष्कासक तथा बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटल नियुक्त भएको छ। युनियनले ३५ करोड ३८ लाख ६० हजार पाँच सय रुपैयाँबराबरको १०० अंकित दरका ३५ लाख ३८ हजार ६ सय पाँच कित्ता साधारण सेयर (आइपिओ) जारी गर्दै छ। सो कार्यका लागि युनियनले लक्ष्मी सनराइज क्यापिटललाई नियुक्त गरेको हो। सम्झौतामा लक्ष्मी सनराइज क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ र युनियन मेवाका अध्यक्ष किरण मल्लले हस्ताक्षर गरे। युनियन मेवाले मिक्वा खोला गाउँपालिका, ताप्लेजुङमा निर्माण गरिरहेको २३ मेगावाटको मेवा खोला जलविद्युत् आयोजना करिब ३५ प्रतिशत कार्य सम्पन्न भइसकेको बताइएको छ।

# वार्षिकोत्सवमा सानिमा बैंकले गऱ्यो रक्तदान

**काठमाडौं**/ सानिमा बैंकले २०औं वार्षिकोत्सवका अवसरमा रक्तदान कार्यक्रम गरेको छ। बैंकले सामुदायिक सेवा केन्द्र नक्साल तथा सामुदायिक प्रहरी सेवा केन्द्र नक्साल, ब्लड डोनर एसोसिएसन नेपाल (ब्लोदान) र कान्तिपुर अस्पताल, तिनकुनेको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरेको हो।

२१ मंसिरदखि सुरु भएको कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले




रक्तदातालाई धन्यवाद दिए। बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शैक्षिक छात्रवृत्ति तथा अन्य विभिन्न कार्यक्रम गर्दै आइरहेको छ।

# कुमारी बैंकको कीर्तिपुरमा उद्यमी प्रशिक्षण कार्यक्रम

**काठमाडौं**/ कुमारी बैंकले कीर्तिपुरमा महिला उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। बैंकले युएसएआइडीसँगको साझेदारीमा उक्त उद्यमशीलता विकास एवं प्रवर्द्धनका लागि महिला सशक्तीकरण केन्द्र कीर्तिपुरसँगको समन्वयमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। उक्त प्रशिक्षणबाट बैंकले वित्तीय ज्ञान, सीप, मनोवृद्धि तथा व्यवहार विकासबाट मात्रै व्यावहारिक रूपमा उद्यमशीलता प्रवर्द्धन तथा विकास हुने बताइएको छ। उद्यमी प्रशिक्षणबाट हरेक स्थानीय निकायमा रहेका उद्यमी सोचहरूको प्रवर्द्धन तथा विकासमा टेवा पुऱ्याउँदै आर्थिक रूपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने विश्वास पनि बैंकले लिएको छ।


## नबिल बैंक लिमिटेड, राजविराज शाखा, सप्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०८/२३)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०४/१७ को आर्थिक अभियान दैनिक** मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

भोलानाथ मंडलकी छोरी, , राम नारायण मंडलकी बुहारी, वावू लाल मंडलकी श्रीमती सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं ०३ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं ०९ बस्ने, ना.प्र.नं. ५९२७३९०९ (जारी मिति: २०४३/१०/१३, सप्तरी ) भएकी **शिला कुमारी मंडल।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. मोती लाल मंडलको नाती, राम नारायण मंडलको छोरा, सिरहा जिल्ला, वेतौना गा.वि.स वडा न. ०६ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं ०९ बस्ने, नागरिकता ना.प्र.न. १६०३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. सिरहा, ( जारी मिति : बि.सं. २०४४/११/१९), भएको **वावू लाल मंडल।**
२. राम नारायण मंडलको नाती, वावू लाल मंडलको छोरा, सिरहा जिल्ला, वेतौना गा.वि.स वडा न. ०६ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं ०९ बस्नें,, नागरिकता ना.प्र.न. १५१०५०/१५३३६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. सिरहा, ( जारी मिति : बि.सं. २०६६/०४/१२), भएको **विवेक कुमार मण्डल।**

**धितोको विवरण**

सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं ०३ स्थायी घर भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं ०९ बस्ने, **शिला कुमारी मंडल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला मलेठ गा.वि.स वडा नं ७ नक्सा सिट नं ७ख मा अवस्थित कि.नं. ६५९ क्षेत्रफल ०-०-६-०, बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **राजविराज शाखा, सप्तरी** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/०७ गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **राजविराज शाखा, सप्तरी**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०८ गते ३:०० बजे बैंकको **राजविराज शाखा, सप्तरी**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **राजविराज शाखा, सप्तरी**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२.अन्य शर्तहरु बोलपत्र फारामा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८१/०८/२३**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रंगेली,मोरङबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८१/०६/०७ मा अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सुचना, मिति २०८१/०७/२९ मा नयां पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सुचना, प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, रंगेली मोरङमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र सिटिजन्स वान डिस्ट्रिक वान प्रडक्ट -आवधिक कर्जा**

| ऋणीको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| नाम | : सिता देवी मण्डल | नाम | : विनोद कुमार मण्डल |
| बाबु | : गोपी मण्डल | बाबु | : राम सुन्दर मण्डल |
| ससुरा | : राम सुन्दर मण्डल | बाजे | : पन्चु मण्डल |
| पति | : विनोद कुमार मण्डल | पत्नी | : सिता देवी मण्डल |
| ठेगाना | : रंगेली-०१, मोरङ्ग | ठेगाना | : रंगेली-०१, मोरङ्ग |
| हाल | : रंगेली न.पा-०७, मोरङ्ग | हाल | : रंगेली न.पा-०७, मोरङ्ग |
| ना.प्र.नं. | : ०५२०५०/९३५ | ना.प्र.नं. | : २०९१ |
| जारी मिति | : २०६५/०५/०९ | जारी मिति | : २०५३/०३/३१ |
| जि.प्र.का. | : मोरङ्ग | जि.प्र.का. | : मोरङ्ग |

**धितो राखिएको सम्पत्तिको विवरण:**
**धितो सुरक्षण धनीको नाम:- सिता देवी मण्डल**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि) | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ्ग | रंगेली | ४/१७८०७२० | ७७३ | ३३६.०० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४.लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय रंगेली, मोरङमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८१/०९/०२, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रंगेली, मोरङ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

रन बहादुर थापाको, भक्त बहादुर थापाको छोरा लुम्बिनी प्रदेश बाँके जिल्ला कोहलपुर नगरपालिका वडा नं. ५ मा बस्ने लेखराज बहादुर थापाले यस शाखामा बचत खाता नं. १९५१५२४०३००६०१ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/१२/०३ मा निज खातावाला लेखराज बहादुर थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने सुमित्रा देवी थापालेमृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक लेखराज बहादुर थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड | नेपालगंज शाखा कार्यालय
NEPAL SBI BANK LTD. | फोन : ०८१-४१५१२५
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL



## Bandipur Rural Municipality
## Office of the Rural Municipal Executive
**Bandipur, Tanahun**
**Gandaki Province, Nepal**

## Invitation for Electronic Bids

**First Date of Publication: 2081/08/23 (08-12-2024)**

1. The Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following Works under National Competitive Bidding Procedure:

| S.N. | Contract ID No. | Name of Project | Exclusive of VAT and Contingencies | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/ WORKS/11/2081/082 | Construction of Ward-4 Office Building | 51,91,673.53/- | 1,50,000.00/- (Validity 120 days) | 3000/- | 08-01-2025, 12:00 | 08-01-2025 13:00 |
| 2. | *BRM*/NCB/ WORKS/12/2081/082 | Upgrading Of Bandipur Kahare Seratar Sukhaura Road | 1,72,54,650.45/- | 5,00,000.00/- (Validity 120 days) | 3000/- | 08-01-2025, 12:00 | 08-01-2025, 13:00 |

2. Bidder must submit tax clearance of F/Y: 2080/81.
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun or PPMO'S website **www.bolpatra.gov.np/egp**. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

## नेपाल प्रिमियर लिग २०२४

# सुदूरपश्चिमको प्लेअफ सम्भावना बलियो

### लगातार तेस्रो खेल मात्र जितेन, सुदूरपश्चिम राम्रो रनरेटका साथ शीर्ष स्थान उक्लियो

**रमेश सुवेदी** / नयाँ पत्रिका

इंग्ल्यान्डका २६ वर्षीय सैफ जैवको अलराउन्ड प्रदर्शनमा सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपिएल)मा लगातार तेस्रो जित निकाल्दै प्लेअफ सम्भावना बलियो बनाएको छ। त्रिवि क्रिकेट मैदानमा सुदूरपश्चिमले तेस्रो जित हात पार्ने क्रममा लुम्बिनी लायन्सलाई ४५ रनले हरायो। सैफले ९० रनको योगदान र तीन विकेट लिएका थिए। लगातार तेस्रो हारपछि लुम्बिनीको प्लेअफ सम्भावना कमजोर बनेको छ।

टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमले ४ विकेट गुमाउँदै एक सय ८७ रनको योगफल बनायो। प्रत्युत्तरमा लुम्बिनीले २० ओभरमा ९ विकेट गुमाउँदै एक सय ४२ रन बनायो। सुदूरपश्चिमले पहिलो खेलमा काठमाडौंलाई ७३ र विराटनगरलाई ९० रनले हराएको थियो। सुदूरपश्चिम र जनकपुरले समान ६ अंक जोडेका छन्। लुम्बिनी पहिलो खेलमा पोखरासँग १० र विराटनगरसँग २ विकेटले पराजित भएको थियो। तालिकामा लुम्बिनी पुछारमा छ।



लुम्बिनीविरुद्ध विकेट लिएपछि सुदूरपश्चिमका खेलाडी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका

### ब्याटिङमा विवेक मात्रै चले

लक्ष्य पछ्याएको इनिङ्समा लुम्बिनीका विवेक यादव मात्र चले। उनले ५४ बलमा तीन चौका र सात छक्काको सहयोगमा ७७ रन बनाए। विवेकले १७.३ ओभरमा ४२ बल सामना गरी दुई चौका र पाँच छक्कासहित अर्धशतकीय इनिङ्स खेले। उनी एनपिएलमा अर्धशतक बनाउने १२औँ र नेपालबाट सातौँ खेलाडी हुन्। लुम्बिनीको ब्याटिङमा सन्दीप जोरा र विवेक यादवले ३७ रनको साझेदारी गर्नुबाहेक अन्य ठुलो साझेदारी हुन सकेन। सन्दीपले २६ बलमा एक छक्कासहित २० रन जोडे।

कमजोर सुरुवात गरेको लुम्बिनीले ३.३ ओभरमा १९ रन जोड्दा पाँच विकेट गुमाएको थियो। लुम्बिनी १.५ ओभरमा ९-३ को अवस्थामा थियो। ओपनर अर्जुन साउद गोल्डेन डकआउट भए। भारतलाई यू-१९ विश्वकप जिताएका उन्मुक्त चन्द चार, कप्तान रोहितकुमार पौडेल पाँच, टम मुर्स सात, सान विन जफर गोल्डेन डक र दीनेश अधिकारी १४ रनमा आउट भए।

सुदूरपश्चिमका ओपनिङ तीव्र गतिका बलर ब्रान्डम म्याकमुलेन र स्कट कुगुलेइनले पावर प्लेमा घातक बलिङ गरेका थिए। स्कटल्यान्डका २५ वर्षीय म्यामुलेनले चार ओभरमा २१ रन खर्चिएर तीन विकेट लिए। न्युजिल्यान्डका लागि ३ टेस्ट खेलेका ३२ वर्षीय स्कटले चार ओभरमा १९ रन खर्चिएर २ विकेट लिएका हुन्। पहिलो खेलमै पाँच विकेट लिएका नरेन साउद विकेटविहीन रहे।

### नर्भस नाइन्टिजको सिकारमा जैब

पहिलो इनिङमा इंग्ल्यान्डका २६ वर्षीय बायाँहाते अलराउन्डर सैफ जैबले नर्भस नाइटिजको सिकार भए। सुदूरपश्चिमका लागि विस्फोटक ब्याटिङ गरेका जैब ९० रनमा आउट भए। उनले ६१ बलमा ६ चौका र ५ छक्का प्रहार गरेका थिए। रोहितकुमार पौडेल र आन्द्रेस गौसपछि एनपिएलमा ९० रन कटाउने उनी तेस्रो खेलाडी हुन्। पोखराका गौसले शुक्रबार लुम्बिनीविरुद्ध १०४ रन बनाएका थिए।

सुदूरपश्चिमका कप्तान दीपेन्द्रले १९ बलमा चार चौका र २ छक्कासहित अविजित ३९ रनको योगदान दिए। दीपेन्द्र र जैवबिच तेस्रो विकेट लागि ५३ रनको साझेदारी भएको थियो। ओपनर विनोद भण्डारीसँग जैवले पहिलो विकेटका लागि ४९ रनको साझेदारी गरे। आरिफ सेख गोल्डेन डक आउट भए।

### कर्णालीको लगातार दोस्रो जित

ओपनर देव खनाल र विलियम बासिस्टोको अर्धशतकको सहयोगमा कर्णाली याक्सले लगातार दोस्रो जित निकालेको छ। कर्णालीले विराटनगर किंग्सलाई ७ रनले हरायो। टस हारेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा सबै विकेट गुमाउँदै एक सय ३५ रन बनाएको थियो। प्रत्युत्तरमा विराटनगरले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै मात्र एक सय २६ रन बनायो। अन्तिम ओभरमा विराटनगरलाई १५ रन चाहिएको थियो।

नन्दन यादवले अन्तिम ओभर फ्याँक्दा विराटनगरका कप्तान सन्दीप लामिछाने र प्रतिश जिसी क्रिजमा थिए। नन्दनले ७ रन खर्चिँदै कर्णालीलाई जित दिलाए। जितपछि कर्णालीको चार अंक भएको छ। विराटनगरले पहिलो खेलमा जनकपुरसँग ८ विकेट तथा सुदूरपश्चिमसँग ९० रनले पराजित भएको थियो। तेस्रो खेलमा लुम्बिनीविरुद्ध २ विकेटले विजयी भएको थियो।

**अंकतालिका**

| टोली | खेल | जित | हार | अंक |
|---|---|---|---|---|
| सुदूरपश्चिम | ३ | ३ | ० | ६ |
| जनकपुर | ३ | ३ | ० | ६ |
| चितवन | ३ | २ | १ | ४ |
| कर्णाली | ४ | २ | २ | ४ |
| पोखरा | ३ | १ | २ | २ |
| काठमाडौं | ३ | १ | २ | २ |
| विराटनगर | ४ | १ | ३ | २ |
| लुम्बिनी | ३ | ० | ३ | ० |

### चम्किए नन्दन र विपिन

कर्णालीका बलर नन्दन र विपिन शर्माले घातक बलिङ गर्दा विराटनगरले कुनै पनि विकेटका लागि ठूलो साझेदारी गर्न सकेन। विराटनगरका निकोलास किर्टन र दीपक बोहराले ४४ रनको साझेदारी गरेका थिए। नन्दनले १७.१ ओभरमा १८ रन बनाएका दीपकलाई बोल्ड गरे। ३९ बलमा चार चौका र एक छक्कासहित ४० रन बनाएका किर्टनलाई उनले बोल्ड गरे। क्रिस सोललाई सोमपालले १९औँ ओभरमा डकआउट गराए। कर्णालीका लागि नन्दन यादवले तीन तथा स्पिनर विपिन शर्माले दुई विकेट हात पारे।

### देव र बोसिस्टाको शतकीय साझेदारी

कर्णालीको पहिलो इनिङ्समा तेस्रो विकेटका लागि ओपनर देव खनाल र चौथो नम्बरका बोसिस्टोबिच १०३ रनको बलियो साझेदारी भएको थियो। एनपिएलको एकै इनिङ्समा दुई खेलाडीले अर्धशतक बनाएको पहिलोपटक हो। दुई खेलाडीपछि कर्णालीका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

अस्ट्रेलियालाई यू-१९ विश्वकपमा उपविजेता बनाएका ३१ वर्षीय दायाँहाते बोसिस्टोले ४९ बलमा ५ चौका र ३ छक्कासहित सर्वाधिक ६६ रन बनाए। यसैगरी, ४८ बलमा चार चौका र दुई छक्काको सहयोगमा ५३ रन बनाए। बोसिस्टोको अर्धशतकसँगै १६.३ ओभरमा चार विकेट गुमाउँदै कर्णालीले ११४ रन बनाएको थियो। कर्णालीका

विराटनगरका प्रतिश जिसीले सर्वाधिक चार विकेट लिए। उनले ४ ओभरमा एक मेडनसहित १७ रन खर्चिए। अन्तिम ओभर लिएर आएका प्रतिशले एक रनआउटसँगै थप दुई विकेट लिएका थिए। क्रिस सोल र बसिर अहमदले समान दुई विकेट लिँदा अकिब इल्यासको नाममा एक विकेट रह्यो।

# खडक र सन्तोषीले जिते नेपालगन्ज म्याराथनको उपाधि

**नयाँ पत्रिका**



नेपाली सेनाका खड्कबहादुर खड्काले दशौँ नेपालगन्ज म्याराथनको उपाधि जितेका छन्। खड्काले ४२.१९५ किलोमिटरको दौड दुई घण्टा १७ मिनेट ४८ सेकेन्डमा पूरा गर्दै उपाधि हात पारेका हुन्। म्याराथनमा नेपाली सेनाका राजन रोकाया दोस्रो र सुशील कुमार तेस्रो स्थानमा रहे। खड्का गत वर्ष दोस्रो र आठौँ संस्करणमा च्याम्पियन बनेका थिए। दोस्रो स्थानमा रहेका रोकायाले दुई घण्टा १७ मिनेट ५३ सेकेन्डमा दूरी पार गरे। शाहीले दुई घण्टा २१ मिनेट ४५ सेकेण्डमा दौड सकाए। विजेताले दुई लाख, दोस्रोले एक लाख र तेस्रो स्थानमा रहेका धावकले ५० हजार रुपैयाँ पाएका छन्।

खड्का र रोकायाले नेपालगन्ज म्याराथनको कोर्सको कीर्तिमान पनि तोडेका छन्। खड्काले आफू पहिलोपटक सहभागी हुँदा आठौँ र दुईपटक च्याम्पियन हुन पाउँदा खुसी लागेको बताए। 'तीन वर्षभित्र दुईपटक उपाधि जित्न अवसर पाएँ,' उनले भने। नेपालगन्ज उपमहानगरपालिकाको गेटबाट सुरु भई कोहलपुर नगरपालिकादेखि चार किलोमिटर उत्तर बानियाभार पुगेर सोही रुट भई सुरुवाती विन्दुमा पुगेर समापन भएको थियो।

यसैगरी, महिला हाफ म्याराथनमा सन्तोषी श्रेष्ठले लगातार चौथोपटक उपाधि जितेकी छिन्। यस विधामा पुष्पा भण्डारी दोस्रो र विमला कार्की तेस्रो भएका छन्। श्रेष्ठले एक घन्टा १७ मिनेट ३० सेकेन्डमा दौड पूरा गरिन्। उनले ७५ हजार रुपैयाँ पाइन्। दोस्रो स्थानमा रहेकी भण्डारीले १ घण्टा १९ मिनेट १२ सेकेन्डमा दौड सकाइन्। विमला एक घण्टा ४९ मिनेट १५ सेकेन्डका साथ तेस्रो भइन्।

छात्र स्कुलतर्फ बाँकेका अर्विन यादव पहिलो, र अमृत शाही दोस्रो भए। किड्स रन ब्वाइजको पाँच सय मिटरमा राजन थारू पहिलो भए। किड्स रन महिलामा मीनाक्षी साउदले पहिलो स्थान हात पारिन्। ट्राइसाइकलमा राजेश हरिजनले उपाधि हात पारे।

# प्रिन्स र रसिलालाई ललितपुर मेयर कप

**नयाँ पत्रिका**

एपिएफका प्रिन्स दाहाल र नेपाली सेनाकी रसिला महर्जनले शनिबार तेस्रो ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको उपाधि जितेका छन्। प्रिन्स र रसिलाले लगातार तेस्रोपटक ट्रफी हात पारेकी हुन्। पुरुष एकल फाइनलमा प्रिन्सले नेपाली सेनाका प्रफुल महर्जनमाथि २१-८ र २१-९ को जित निकाल्दै उपाधि रक्षा गरेका हुन्। महिला एकलमा शीर्ष वरीयताकी रसिला महर्जनले आफ्नो उपाधि जोगाउँदा आर्मीकै अमिता गिरीलाई २१-७ र २१-११ ले पाखा लगाइन्।

प्रतियोगितामा पुरुषतर्फ शीर्ष २० खेलाडीबाहेक युगलतर्फ नेपाली सेनाका विधान अधिकारी र पविन लिङथेपको जोडीले बालकुमारी रिमिक्स क्लबका सशिन डंगोल र सुमन शाक्यको जोडीलाई २१-१४ र २१-१४ ले हराउँदै तेस्रोपटक च्याम्पियन बने। यसैगरी यू-१७ पुरुष एकलमा एपिएफका कविर केसीले उपाधि जिते। उनले सेनाका सुविन श्रेष्ठलाई २१-९ र २१-१३ ले हराए। यू-१७ महिलामा नेपाली सेनाकी रिहाना शेरचन च्याम्पियन बनेकी छिन्। शेरचनले फाइनलमा एपिएफकी स्वर्लिन श्रेष्ठलाई २-० को सेटमा हराइन्।

### मास्टर्समा श्रेष्ठको जोडी विजेता

मास्टर्स ४५ वर्षमाथिको युगलतर्फ सहआयोजक बालकुमारी रिमिक्स क्लबका शान्ता डंगोल र कृष्ण श्रेष्ठको जोडी पहिलो भए। प्रतियोगितामा पुरुष, महिला र उमेर समूह गरी ६ विधामा खेलाडीले प्रतिस्पर्धा गरेका थिए। पुरुष र महिला एकल विजेता ४० हजार रुपैयाँ जितेका छन्। यसै विधाको उपविजेताले २० हजार र तेस्रो स्थानमा रहेका खेलाडीले १० हजार रुपैयाँ हात पारे।

पुरुष र महिला यू-१७ को विजेताले २० हजार र उपविजेताले १० हजार रुपैयाँ हात पारे। तेस्रो स्थानमा रहेका खेलाडीले पाँच हजार रुपैयाँ पाए। यसैगरी, यू-४५ वर्षमाथि मास्टर युगलको विजेताले ३० हजार रुपैयाँ पाए। उपविजेताले १५ हजार र तेस्रो भएको खेलाडीले ७५ सय रुपैयाँ पाए। पाँच दिनसम्म चलेको प्रतियोगितामा दुई सय २८ जना खेलाडीले भाग लिएका थिए।

# पुरुषोत्तम राष्ट्रिय 'बी' बुद्धिचाल च्याम्पियन



**काठमाडौं**/ राष्ट्रिय बी बुद्धिचाल प्रतियोगिता शनिबार भएको खेलमा उदीयमान खेलाडी पुरुषोत्तम सिलवाल च्याम्पियन बनेका छन्। नौ चरणसम्म भएको प्रतिस्पर्धार्तमकमा काठमाडौंका पुरुषोत्तमले सर्वाधिक ६.५ अंक जोडेर उपाधि जितेका हुन्। उनले ४ जित र ५ बराबर नतिजा निकाले। प्रतियोगितामा उनी मात्र अपराजित खेलाडी बनेका छन्। डाइरेक्ट इन्काउन्टर र मोस्ट विन नियम लागू भएअनुसार उनले बाजी मारेका हुन्।

२५ औँ राष्ट्रिय प्रतियोगिताको छनोटका रूपमा आयोजित स्पर्धामा समान ६.५ अंक जोडेर दोलखाका आशिष फुँयाल दोस्रो स्थानमा रहे। प्रतियोगितामा रौतहटका एफएम रूपेश जैसवाल तेस्रो स्थानमा रहेका छन्। पाँच दिनसम्म चलेको प्रतियोगिताका चौथो देखि नवौं स्थानसम्मका खेलाडीले समान ६ अंक जोडेका छन्। उनीहरू राष्ट्रिय खेलमा छनोट भएका छन्। भक्तपुरका विनय थापा, ललितपुरका सुरोज महर्जन, काठमाडौंका धिरेन राई, सिएम नवीन तण्डुकार, प्रेमकृष्ण महर्जन र एफएम रिजेन्द्र राजभण्डारीले आ-आफ्नो खेल जिते। बाँकी खेलाडीलाई पन्छाउन सफल रहे।

# आत्मविश्वास गुमाएका फ्रेन्च स्ट्राइकर एम्बाप्पे

**एजेन्सी**

### स्पेनिस क्लब रियल म्याड्रिडमा सोचेजस्तो वातावरण पाउन नसक्दा फ्रेन्च स्ट्राइकर केलियन एम्बाप्पेको लगातार दुई खेलमा पेनाल्टी मिस

पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट स्पेनिस क्लब रियल म्याड्रिडमा आबद्ध फ्रेन्च स्ट्राइकर केलियन एम्बाप्पेले दुईवटा सपना देखेका थिए। विश्वकै महँगो क्लबसँग नाता जोड्ने उनको पहिलो सपना थियो, जुन उनको यो सपना पूरा भइसकेको छ। युरोपियन च्याम्पियन्स लिग जित्ने उनको अर्को सपना हो। च्याम्पियन्स लिगमा रियल अहिलेसम्मकै सर्वाधिक सफल क्लब हो। यो एक दशकको तथ्यांक हेर्दा रियलले च्याम्पियन्स लिगमा दबदबा राखेको छ। यस्तो सफल क्लबमा आबद्ध हुँदै करिअरमा एकपटक च्याम्पियन्स लिग विजेता खेलाडी बन्ने धोको उनले राखेका हुन्।

यद्यपि, पिएसजी पनि च्याम्पियन्स लिगको उपाधिनजिक नपुगेको होइन। चार वर्षअघि पिएसजी च्याम्पियन्स लिगको फाइनलमा पराजित हुँदा एम्बाप्पे निकै निराश बनेका थिए। विश्वस्तरीय स्ट्राइकरहरू छाड्दै जाँदा रियलले त्यही लेभलको खेलाडी खोजी गरेको थियो। रियलले पिएसजीबाट एम्बाप्पेलाई भित्र्याउने कोसिस गऱ्यो। रियल र एम्बाप्पे दुवैले भनेको जस्तो नतिजा दिन सकेका छैनन्। स्पेनिस ला लिगा र च्याम्पियन्स लिगमा रियलको प्रदर्शन सन्तोषजनक छैन।

अहिले च्याम्पियन्स लिगमा साबिक विजेता रियल पुछारमा छ। यस्तो अवस्थामा रियल नकआउट चरणमा पुग्ने सम्भावना कमै छ। यसै कारण एम्बाप्पेको सपना च्याम्पियन्स लिग जित्ने योजना डगमगाउँदै गएको पनि छ। स्पेनिस मिडियाहरूले एम्बाप्पेले आत्मविश्वास गुमाएको दाबी गरेका छन्। उनले लगातार दुई महत्त्वपूर्ण खेलमा पेनाल्टी मिस गरेका छन्। बुधबार एथलेटिको विलवाओसँग २-१ ले रियल पराजित हुँदा एम्बाप्पेले पेनाल्टी चुकाएका थिए। फेरि रियलले चर्को मूल्य तिरेका एम्बाप्पेलाई भित्र्याउनु फिनिसिङ लाइन बलियो बनाउनु हो।



### रियलबाट २० खेलमा ६ गोल

फ्रेन्च खेलाडी भने पिएसजीकै नम्बर एक फिनिसर थिए। तर, रियलमा उनको जादुमयी खेल प्रस्तुत हुन सकेको छैन। यसै कारणले होला, ड्रेसिङ रुममा फ्रेन्च खेलाडी अक्सर खेलपछि निराश हुने गरेका छन्। सबै खाले प्रतियोगितामा उनले २० खेलमा ६ गोल मात्र गरेका छन्। च्याम्पियन्स लिगमा लिभरपुलविरुद्ध २-० ले रियल पराजित हुँदा उनले पेनाल्टी मिस गरेका थिए।

'हाम्रा स्टार खेलाडीको मनोबल गुमेको जस्तो छ,' एल मार्काले लेखेको छ, 'लगातार खेलमा उनको प्रदर्शन माथिल्लो स्तरमा पाउन सकिएन।'

फुटबल पण्डितहरूले सान्टिएगो बर्नाबउमा एम्बाप्पेले वातावरण मिलाउन नसकेको दाबी गरेका छन्। पिएसजी र रियलका खेल शैली फरक छन्। लामो समय फ्रेन्च लिग शैली अपनाएका एम्बाप्पेले स्पेनिस शैलीमा आफूलाई परिणत गर्न समय लाग्ने एल मार्काले जनाएको छ। 'रियलमा आउँदा सबैले फ्रेन्च खेलाडीबाट उत्कृष्ट प्रदर्शनको अपेक्षा राखेका थिए, तर उनले सबैको विश्वासअनुसार खेल्न सकेनन्,' फुटबल पण्डितहरूले भनेका छन्, 'अर्को सिजनमा हामीले केही आशा गर्न सक्छौं।'

### समर्थकको आलोचना

रियलका समर्थकहरूले पनि एम्बाप्पेको प्रदर्शनमाथि टिप्पणी गरेका छन्। उनीहरूले दुई पेनाल्टीमाथि बहस गरिरहेका छन्। 'विश्व च्याम्पियन खेलाडीले सहज पेनाल्टी मिस गरे,' समर्थकहरूले एल मार्कालाई बताए, 'लगानीअनुसार त्यसको प्रतिफल खेलाडीले दिएनन्।' स्पेनिस ला लिगाको शीर्ष स्थानमा बार्सिलोनाभन्दा रियल चार अंकले पछाडि छ। सोयल मिडियामा समेत एम्बाप्पेको विरोध भइरहेको छ। उनको सोसल मिडियामा १२२ मिलियन फलोअर्स छन्।

'खराब रिजल्ट आइरहेको छ। खेलमा एकपछि अर्को ठुलो गल्ती भइरहेका छन्, ती दुई पेनाल्टी गोल हुँदा रियल खेलमा फर्कन सक्थ्यो,' सोसल मिडियामा एम्बाप्पेलाई लेखेका कमेन्ट्स हुन्। उनले खराब प्रदर्शनको जिम्मेवारी आफू स्वयं भएको बताएका छन्। 'मसँग क्षमता छ, तर अहिले सोचेजस्तो भइरहेको छैन,' उनले भने, 'पक्कै समर्थक र म्यानेजमेन्ट दुःखी छन्।' रियलका प्रशिक्षक कार्लो एन्सेलोटीले एम्बाप्पेको प्रदर्शनप्रति धैर्य गर्नुपर्ने बताए। 'उनी अहिले कठिन समयबाट गुज्रिरहेका छन्। एम्बाप्पे असाधारण खेलाडी हुन्,' एन्सेलोटीले भने, 'यो अवस्थाबाट चाँडै पुनरागमन गर्नेछन्।'

# एथलेटिक्समा लालीगुराँस बलियो

**काठमाडौं**/ लालीगुराँस नेसनल एकेडेमी तेस्रो मेयर रनिङ सिल्ड खेलकुदअन्तर्गत एथलेटिक्समा टिम च्याम्पियन बनेको छ। लालीगुराँस सर्वाधिक १९ स्वर्ण जित्दै टिम च्याम्पियन बनेको हो। लालीगुराँसले थप ४ रजत र १ कांस्य पनि हात पाऱ्यो।

तारकेश्वर नगरपालिकाद्वारा आयोजित प्रतियोगितामा हिमरश्मि हाई स्कुल पाँच स्वर्ण, १० रजत र ५ कांस्यसाथ दोस्रो भएको छ। तेस्रो स्थानको कौशलले १ स्वर्ण, २ रजत र ५ कांस्य प्राप्त गऱ्यो। १४ विद्यालय सहभागिता रहेको एथलेटिक्समा सिर्जना ज्ञानसागरले एक स्वर्ण हात पारेको छ। सिर्जना ज्ञानसागरले १ रजत र ३ कांस्य जित्यो।

छात्रा बास्केटबलमा हिमरश्मि र ल्यान्डमार्क एकेडेमी फाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताको सेमिफाइनलमा हिमरश्मिले लालीगुराँसलाई १९-१३ ले पराजित गऱ्यो। हिमश्मिको जितमा सिर्जना तामाङले ६ स्कोर गरिन्।

साजन खत्रीको ७ स्कोरको सहयोगमा ल्यान्डमार्कले मानसिंहलाई १८-१५ ले हरायो। जुनियर छात्रमा लालीगुराँस र एन्जल्स हार्ट उपाधिका लागि भिड्ने भएका छन्। लालीगुराँसले जीवनज्योतिलाई २८-१५ ले पाखा लगायो। लालीगुराँसका सर्गम गुरुङले १० स्कोर गरे। एन्जल्स हार्टले हिमरश्मिलाई २१-१६ ले पन्छायो।

## खेल संक्षेप

### किन्डर ओलम्पिक सुरु

**काठमाडौं**/ अर्ली चाइल्ड हुड एजुकेसन टिचर्स एसोसिएसन (इसिइटिए) को आयोजनामा शनिबारदेखि १२औँ किन्डर ओलम्पिक सुरु भएको छ। पूर्वखेलकुदमन्त्री विराजभक्त श्रेष्ठले उद्घाटन गरेको प्रतियोगिताको पहिलो चरणमा १९ विद्यालयका ७ सय २० विद्यार्थीले भाग लिएको इसिइटिएका सल्लाहकार केदारमान स्थापितले जनाएका छन्। विद्यार्थीले कराँते, उसु, जिम्न्यास्टिक र तेक्वान्दोको प्रस्तुति प्रस्तुत गरेका थिए।

### अर्किड र कोलम्बस दोस्रो चरणमा

**काठमाडौं**/ अर्किड र कोलम्बस सातौँ एनप्याब्सन खेलकुद सप्ताहअन्तर्गत छात्र फुटसलको पहिलो दिन शनिबार दोस्रो चरणमा प्रवेश गरेका छन्। आयोजक एनप्याब्सन काठमाडौं जिल्ला कार्यसमितिका अध्यक्ष अमृत खड्काले प्रतियोगिताको उद्घाटन गरे। कमलादीस्थित युनिग्लोब कलेजमा भएको फुटसलमा ४५ टिम सहभागी छन्। खेलकुद सप्ताहमा फुटसल, बास्केटबल, कबड्डी र तानडोरी गरी चार खेल समावेश छन्।

### माहिका र हाइनुओ पहिलो

**कास्की**/ आइटिएफ वर्ल्ड टेनिस टुर जे ३० अर्न्तगत सर्किट १ को पुरुषतर्फ चीनका हाइनुओ गुओ र महिलामा भारतकी माहिका खन्नाले उपाधि हात पारेका छन्। हाइनुओले फाइनलमा भारतका आश्रव्य मेहरालाई २-० को सोझो सेटमा हराए। महिलामा माहिकाले नेपालकी सुनिरा थापा टाइब्रेकरमा निराश पारिन्। भारतका ओजस मेहलावत र अधिराज ठाकुरको जोडीले भारतका आदित्य मोर र प्रकाशशरणको जोडीलाई सोझो सेटमा हराए।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com